# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २६२ | काठमाडौं | आइतबार, ७ माघ २०८० | Prabhab National Daily | Sunday, January 21, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**मोवाइलको लतबाट बालबालिकालाई बचाऔं**

- मोवाइलको लत लागेका बालबालिकामा निद्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने, र पटक-पटक ब्यूझने समस्या देखिन्छ,
- मोवाइलको लतले बालबालिकाको मष्तिस्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोवाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्छ,
- उनीहरूलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

**अभिभावकले अत्याधिक मोवाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# 'कोशी' नाम विरोधी मन्त्री वार्ता संयोजक

- पहिचान पक्षधरसँग सम्वाद गर्न दोस्रोपटक वार्ता टोली गठन
- संयोजक भौतिकमन्त्री कमल जबेगू, सदस्यहरु वातावरणमन्त्री गणेश उप्रेती र कानुनसचिव लक्ष्मीप्रसाद पौडेल
- कोशी नाम खारेज गरेर पहिचानको आधारमा नाम राख्नुपर्ने पहिचान पक्षधरको माग

■ प्रभाव संवाददाता

**काठमाडौं-** देशको पूर्वी क्षेत्रको प्रदेशको नाम 'कोशी' राखिएपछि आन्दोलनरत पहिचान पक्षधरसँग सम्वाद गर्न दोस्रोपटक सरकारी वार्ता टोली गठन भएको छ। कोशी नामको विरुद्धमा गत वर्षको १७ फागुनमा मतदान गर्नेमध्येमै पर्ने भौतिक पूर्वाधार विकासमन्त्री कमल जबेगूको संयोजकत्वमा वार्ता टोली गठन भएको हो। सदस्यहरू पर्यटन, वन तथा वातावरणमन्त्री गणेश उप्रेती र आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव लक्ष्मीप्रसाद पौडेल छन्।

संयोजक जबेगूले पहिलो चरणमा पहिचान पक्षधर शक्तिहरूलाई वार्ता आह्वान गरिने बताए। अन्तिममा भने सर्वदलीय बैठक बोलाइने उनको भनाइ छ। 'पहिलो चरणमा वार्ताका लागि आह्वान गरिन्छ। त्यसपछि अनौपचारिक रूपमा पहिचानवादीहरूका शीर्षस्थ नेताहरूसँग पहिलो चरणको भेटघाट हुन्छ,' उनले प्रभावसँग भने, 'त्यसपछि समयानुकूल प्रदेशका सबै राजनीतिक दलसँग बैठक बसेर परामर्श लिने र संघको पनि परामर्श लिएर वार्ता अघि बढाउनेतर्फ लाग्छु।'

पहिचानवादीहरूले प्रदेशको नाम कोशी खारेज गर्नुपर्ने भन्दै गत वर्षको १७ फागुनदेखि आन्दोलन गर्दै आएका छन्। पहिचानको आधारमा प्रदेशको नाम राख्नुपर्ने उनीहरूको माग छ। तर, पहिचानवादी शक्तिहरू नै पहिचानको आधारमा राखिने साझा नाममा भने सहमत छैनन्। किरात, लिम्बुवान-किरात, खम्बुवानलगायत नाममा उनीहरू विभक्त छन्।

यद्यपि, उनीहरू 'कोशी' नाम खारेज गर्नुपर्छ भन्नेमा एकमत छन्। प्रदेश संसद्मा भने कोशी नाम राख्नेहरूको दुई तिहाइभन्दा बढीको बहुमत छ। यति हुँदाहुँदै पनि पहिचानवादीहरू प्रदेशसभाबाटै सर्वदलीय सहमतिका आधारमा प्रदेशको नाम पहिचानको आधारमा राखिनुपर्ने भन्दै आएका छन्। उनीहरू प्रदेशको नाम 'कोशी' राख्ने ८२ जना सांसदहरूको विरुद्धमा छन्। उनीहरूलाई बहिष्कार गर्ने, जिल्ला प्रदेशमा अवरोध पुऱ्याउनेदेखि कालो झण्डा देखाउनेजस्ता गतिविधि गर्दै आएका छन्। यसबीचमा पहिचानवादीहरूले लाजेहाङ लिम्बूलाई गुमाइसकेका छन्। केही नेता कार्यकर्ताविरुद्ध मुद्दा छ। प्रदेशको नाम 'कोशी' राखिएका बोर्ड तोडफोडसमेत गर्दै आएका छन्।

(क्रमशः पृष्ठ २ मा)



पहिलो चरणमा वार्ताका लागि आह्वान गरिन्छ। त्यसपछि अनौपचारिक रुपमा पहिचानवादीहरुका शीर्षस्थ नेताहरुसँग पहिलो चरणको भेटघाट हुन्छ। त्यसपछि समयानुकूल प्रदेशका सबै राजनीतिक दलसँग बैठक बसेर परामर्श लिने र संघको पनि परामर्श लिएर वार्ता अघि बढाउनेतर्फ लाग्छु।

■ **कमल जबेगू**
**वार्ता टोली संयोजक, भौतिक पूर्वाधारमन्त्री**



हामीलाई आधिकारिक रुपमा पत्र आएको छैन। तर, हाम्रो माग वार्ता सर्वदलीय हुनुपर्‍यो। किनभने नामकरण गर्दा बहुमत र अल्पमतको खेल भएको थियो। एमाले, कांग्रेससहितको सर्वदलीय बैठक हुनुपर्‍यो।

■ **निरन्ती तुम्बापो**
**पहिचानवादी नेतृ**

# नेपाल-भारत सीमामा घरटहरा र खेती !





**बुद्धिनारायण श्रेष्ठ**
**सीमाविद्**

ठूला देशले साना देशको सीमामा हस्तक्षेप गर्छ। त्यसका लागि अनधिकृत संरचना बनाउँछ र त्यसकै माध्यमबाट अन्ततः सीमा मिच्ने काम हुन्छ। भारतले नेपालविरूद्ध ठ्याक्कै त्यसै गरिरहेको छ।



**राजेन्द्र खड्का**
**प्रवक्ता, सशस्त्र प्रहरी**

दशगजामा त घरटहरा केही पनि बनाउन पाउँदैन। जुन अनधिकृत हुन्छ। तर, धेरै ठाउँमा बनाएको पाइयो। त्यस्ता संरचना हटाएका छौं। त्यसक्रममा भारतीय सीमा सुरक्षा बलसँग पनि ठाउँठाउँमा समन्वय भयो।

■ जेबी योञ्जन

- सीमा क्षेत्रमा अनधिकृत बनाइएका ५५६ घरटहरा हटाइयो
- भारतीय पक्षबाट नेपालको १५ जिल्लामा खेतीपाती
- चीनतर्फ सात र भारततर्फ २४६ स्थानमा सशस्त्रको सीमा सुरक्षा युनिट

**काठमाडौं–** दुई देशबीचको सीमा क्षेत्र (दश गजा)मा कुनै पनि संरचना निर्माण गर्न पाइँदैन। निर्माण गरिए सीमासम्बन्धी अन्तर्राष्ट्रिय कानुनविपरीत हुन्छ। त्यस्ता संरचना भत्काइने गरिन्छ।

पछिल्लो एक वर्षमा नेपाल-भारत सीमा क्षेत्रमा बनाइएका ५५६ घरटहरा सशस्त्र प्रहरीले हटाइदिएको छ। सशस्त्र प्रहरी प्रवक्ता राजेन्द्र खड्काका अनुसार देशको विभिन्न जिल्लाका ३८ स्थानमा ती संरचनाहरू निर्माण गरिएका थिए। अनधिकृत रूपमा त्यस्ता संरचना निर्माणमा भारतीय नागरिकमात्रै होइन, भारतीय सुरक्षाकर्मीले अधिक बनाएको पाइएको छ। केही ठाउँमा मात्रै नेपाली पक्षले दशगजा क्षेत्रमा संरचना बनाएको र ती संरचना पनि हटाइएको छ।

सशस्त्र प्रहरी र प्रमुख जिल्ला अधिकारीसहितका विभिन्न संयन्त्रबाट भएका अनुगमन र निरीक्षणका क्रममा दशगजा क्षेत्र मिचेर घर, टहरा र केही ठाउँमा स्थायी संरचना बनाएको भेटिएको र त्यस्ता संरचना हटाउने अभियानमा सशस्त्र प्रहरी छ। सीमा क्षेत्रको संरचना हटाउन केही ठाउँमा भारतीय सुरक्षाकर्मीसँग सशस्त्रले समन्वय गरेको थियो। धेरैजसो संरचना भने आफैंले हटाइदिएको प्रवक्ता खड्काले बताए। 'दशगजामा त घरटहरा केही पनि बनाउन पाउँदैन। जुन अनधिकृत हुन्छ। तर, धेरै ठाउँमा बनाएको पाइयो,' उनले प्रभावसँग भने, 'त्यस्ता संरचना हटाएका हौं। त्यसक्रममा भारतीय सीमा सुरक्षा बलसँग पनि ठाउँठाउँमा समन्वय भयो। धेरैमा हामीले नै हटायौं।'

(क्रमशः पृष्ठ २ मा)

## स्तम्भ चिटिक्क

नेपाल-भारत सीमा क्षेत्रमा रहेका एक हजार ८०० सीमा स्तम्भको मर्मत र रङरोगन गरिएको छ। रङरोगनले स्तम्भ चिटिक्कको देखिन थालेको छ। यहीबेला भारतीय नागरिक र सीमा सुरक्षा बल (एसएसबी)बाट अनधिकृत संरचना बनाउने तयारीमा रहेका १८ ठाउँमा निर्माणमा रोक लागेको छ।

भारतीय पक्षले नेपाल प्रवेश गरी खेतीपाती गर्दै आएका करिब १३ बिघा जमिन पनि खाली गरेको छ। भारतीय पक्षले नेपालको इलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, रूपन्देही, बर्दिया र कञ्चनपुर गरी १५ जिल्लाका नेपाली भूभागमा छिरेर खेतीपाती र भोगचलन गर्दै आएका थिए।

भारतीय भूभागमा गएर खेतीपाती र भोगचलन कोशी प्रदेशका इलाम, झापा, मोरङ र सुनसरी, मधेसका आठवटै जिल्ला, लुम्बिनीको बाँके र सुदूरपश्चिमको कञ्चनपुरवासीले गर्दै आएको देखिएको छ।

सोहीबेला १६१ ठाउँमा दशगजा क्षेत्र सरसफाइ गरेको सशस्त्र प्रहरी प्रवक्ता राजेन्द्र खड्काले जानकारी दिए। नेपालको भारतसँग सीमा कायम गर्ने आठ हजार ५५३ वटा पिलर छन्। त्यसमध्ये ठूला पिलरको संख्या ९१६, मझौला दुई हजार ४८१ र साना स्तम्भ पाँच हजार १५६ वटा छन्। त्यसमध्ये दुई हजार २१६ वटा पिलर गायब छन्। सीमा सुरक्षाका लागि सशस्त्रले चीनतर्फ सात र भारततर्फ २४६ स्थानमा सीमा सुरक्षा युनिट तैनाथ गरेको छ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीमा मलेसिया प्रभाव

# श्रम स्वीकृति लिने ७१ हजारले घटे

- चालु आर्थिक वर्षको छ महिनामा तीन लाख ४३ हजारले लिए श्रम स्वीकृति
- गत वर्ष सोही अवधिमा श्रम स्वीकृति लिनेको संख्या चार लाख १४ हजार
- गत आर्थिक वर्षभरि पहिलो स्थान ओगटेको मलेसिया चालु आवको छ महिनासम्म चौथो स्थानमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या यो वर्ष घटेको छ। चालु आर्थिक वर्षको छ महिनाको अवधिमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर जानेको संख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा झण्डै ७१ हजारले घटेको पाइएको हो।

वैदेशिक रोजगार विभागका सूचना अधिकारी तथा निर्देशक कविराज उप्रेतीका अनुसार विभागबाट चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो छ महिना (साउनदेखि पुस मसान्तसम्म)मा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या तीन लाख ४३ हजार पुगेको छ। जबकि अघिल्लो आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा चार लाख १४ हजारले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको तथ्यांक छ। जसअनुसार चालु आवमा श्रम स्वीकृति लिनेको संख्या अघिल्लो वर्षको भन्दा ७१ हजार न्यून हो।

विभागका सूचना अधिकारी उप्रेतीका अनुसार पुस महिनामा ६५ हजार ८१३ नेपालीले वैदेशिक रोजगारीमा जान विभागबाट श्रम स्वीकृति लिएका छन्। यो संख्या नयाँ श्रम स्वीकृति लिने र नवीकरण गर्ने दुवैको हो। चालु आर्थिक वर्षको पहिलो छ महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या घटेको देखिए पनि साउन र भदौभन्दा मंसिर र पुसमा संख्या बढेको वैदेशिक रोजगार विभागको तथ्यांकमा उल्लेख छ।

चालु आवमा मलेसिया रोजगारीमा समस्या देखिएका कारण श्रम स्वीकृति लिनेको संख्या घट्न पुगेको सरोकारवालाको भनाइ छ। वैदेशिक रोजगार व्यवसायीहरूका अनुसार मलेसियामा कामदार पठाउने क्रम घटेसँगै समग्र संख्यामा प्रभाव परेको हो। उनीहरूको भनाइलाई पुष्टि गर्ने तथ्यांकसमेत रहेको छ। वैदेशिक रोजगार विभागले मासिक रूपमा सार्वजनिक गर्ने तथ्यांकलाई हेर्दा चालु आर्थिक वर्षको सुरुआतदेखि नै मलेसिया जाने कामदारको संख्या घट्दै आएको छ। यो क्रम पछिल्लो महिना पुसमा पनि यथावत् रहेको छ। गत आर्थिक वर्षभरि पहिलो स्थान ओगटेको मलेसिया छ महिनासम्म पनि चौथो स्थानमै रहेको छ। मलेसिया जान आठ हजार ९१ जनाले मंसिरमा श्रम स्वीकृति लिएका छन्।

पुसमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेमा सबैभन्दा धेरै संयुक्त अरब इमिरेट्स (युएई) जाने रहेका विभागले जनाएको छ। चालु आवको सुरुआती महिनादेखि नै युएई नेपाली श्रमिकहरूको पहिलो गन्तव्य बन्न सफल भएको छ। विभागको तथ्यांकअनुसार युएईका लागि १६ हजार ३८५ जनाले श्रम स्वीकृति लिएका छन्। गत मंसिर महिनामा युएई जाने नेपालीको संख्या १८ हजार ४९३ रहेको थियो। यस्तै पुसमा रोजगारीका लागि साउदी अरेबिया जान १४ हजार ३०७ जनाले श्रम स्वीकृति लिएका छन्। दोस्रो स्थानमा परेको साउदी जाने नेपालीको संख्या मंसिरको भन्दा ७१९ जना बढी रहेको छ।

त्यसैगरी तेस्रो स्थानमा रहेको कतारमा १३ हजार १४ जना श्रम स्वीकृति लिएर पुगेका छन्। यसअघि मंसिर महिनामा कतार जाने नेपालीको संख्या १४ हजार १५२ रहेको थियो।

(क्रमशः पृष्ठ २ मा)


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# अपराध अनुसन्धानमा प्रविधिको प्रयोग बढाउँदै प्रहरी

**काठमाडौं–** अपराध नियन्त्रण तथा अनुसन्धान तथा ट्राफिक व्यवस्थापन कार्यमा नेपाल प्रहरीद्वारा गरिने प्रविधिको प्रयोग बढ्दै गएको छ । जसका कारण अभियुक्तले अदालतमा इन्कारी बयान गर्दा पनि प्रविधिको प्रयोगका कारण आधिकारिकता प्रमाणित गर्न सहज हुँदै गएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनाली पछिल्लो समयमा प्रहरीले प्रविधिलाई भरपुर उपयोग गर्ने नीति अवलम्बन गरेको र सोहीअनुसार कार्य अघि बढाइएको बताए । हालैमात्र प्रहरीद्वारा सफल अनुसन्धान भई अदालतमा थुनछेक बहसका क्रममा रहेको मुलुकभर तथा नेपाली डायस्पोरासमेतमा बहुचर्चित मुद्दामा पनि उच्चतम प्रविधिको प्रयोग भएको मैनालीले बताए । अपराध अनुसन्धानमा आधुनिक प्रविधिको भूमिका दिनानुदिन बढ्दै गएकाले पनि प्रहरीले उक्त अभ्यासलाई अधिकतम प्रयोग गरिरहेको उनको भनाइ थियो ।

अनुसन्धान कार्यमा संकलित दशी प्रमाणको परीक्षणका लागि हाल सामाखुशीस्थित नेपाल प्रहरी केन्द्रीय विधिविज्ञान प्रयोगशाला रहेको छ । उक्त प्रयोगशालामा रहेका विभिन्न ११ वटा शाखाबाट रसायन तथा लागुऔषध, विष्फोटक पदार्थ, विष विज्ञान, डिएनए, जीवसिरम विज्ञान, ब्यालेस्टिक, विवादास्पद प्रलेख, भौतिक (फुट प्रिन्ट, सवारी साधनको इन्जिन-चेसिस), फोटोग्राफीको वैज्ञानिक परीक्षण एवं विश्लेषण गर्दै आएको छ ।

औंला छाप, एफआइएस (अटोमेटेड फिंगर प्रिन्ट आइडेन्टिफिकेसन सिस्टम) आदि भौतिक सबुद-प्रमाणको वैज्ञानिक परीक्षण एवं विश्लेषण गरी सम्बन्धित निकायहरूलाई विशेषज्ञ राय उपलब्ध गराई अपराध अनुसन्धान र न्याय सम्पादन कार्यमा प्रहरीले सहजीकरण गर्दै आएको छ ।

काठमाडौंबाहिर धरानमा विष विज्ञान र लागुऔषध तथा नेपालगञ्जमा विष विज्ञानको परीक्षण गरी सम्बन्धित निकायलाई रायसहितको प्रतिवेदन दिने कार्य भइरहेको छ । डिजिटल फरेन्सिक ल्याब (डिएफएल)ले कम्प्युटर, फोन लगायतको डिजिटल परीक्षण, डाटा रिट्राइभ, विश्लेषण तथा अन्य वैज्ञानिक परीक्षण गरी रायसहितको प्रतिवेदन दिने गरिएको छ । पोलिग्राफ मेसिनद्वारा आशंकित व्यक्तिले झुट बोलेको नबोलेको सम्बन्धमा परीक्षण गर्ने गरिन्छ । ज्यानसम्बन्धी कसुरलगायत अन्य कारणले भएको मृत्युका कारण पत्ता लगाउन त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागमा शवपरीक्षण गरिने गरिन्छ । साथै अन्यत्र जिल्लामा पनि जिल्लास्तरसम्मै शवपरीक्षण गरिन्छ ।

कहिलेकाहीँ विवादित मुद्दाको अनुसन्धान गर्ने कार्य र भयानक दुर्घटनाका कारण भएको दुःखद मृत्युमा शवको पहिचानका लागि भने बाहिर जिल्लाबाट शवलाई त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागमा ल्याएर परिवारलाई शव बुझाइने गरिएको प्रहरीले जनाएको छ ।

केही वर्षअघिसम्म पुलिस रिपोर्ट लिन असाध्यै कठिन थियो । हालैका दिनमा प्रविधिमार्फत संसारको जुनसुकै कुनाबाट अनलाइन फारम भरेको केही दिनभित्र पुलिस रिपोर्ट प्राप्त गर्न सकिने गरी व्यवस्थापन गरिएको प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।

प्रहरी एप्समार्फत अपराध भएको, हुनसक्ने जानकारी प्रहरीलाई पठाई १००, १०३ र १०४ मा फोन गरी नागरिकले अपराध नियन्त्रण र अनुसन्धानमा 'विनावर्दीको प्रहरी'को भूमिका निर्वाह गर्नसक्ने प्रहरी वरिष्ठ उपरीक्षक मैनालीले बताए । उनका अनुसार ट्राफिक प्रहरीद्वारा सवारी दुर्घटना न्यूनीकरणका तथा अनुसन्धानका लागि विविध प्रविधि प्रयोगमा ल्याइएका छन् ।

सिसिटिभी क्यामरा, ट्राफिक लाइट, स्ट्रिट लाइट, रोड साइन एन्ड सिग्नल, रोड मार्किंस, राडर गन, लिडार गन, ब्रेथ लाइजर, ड्रग्स डिटेक्सन किट, गोप्रो क्यामरा, भ्वाइस रेकर्डर, सर्भिलेन्स क्यामरा जडित सवारीसाधन, ह्विल लक, चेन लक, म्याजिक लाइटको प्रयोगबाट उपत्यकामा सवारी आवागमनलाई व्यवस्थित गर्न थालिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता राजेन्द्रप्रसाद भट्टले जानकारी दिए ।

उपत्यकाको मुख्य-मुख्य नाकामा भेइकल स्क्यानरलगायत थप प्रविधि भित्र्याउन पहल भइरहेको छ । विभिन्न एप्समार्फत सवारी जरिवाना तिर्ने कार्यले पनि नागरिकको समयको बचत हुन गएको उनले बताए । पछिल्लो समयमा काठमाडौं उपत्यका प्रहरीले सिसी क्यामराका अलावा अटोमेटिक नम्बर प्लेट रिकग्नाइजेसन क्यामरा (एएनपिआर) प्रयोगमा ल्याएको छ ।

मुख्यगरी यसले चालकको गतिविधि नियन्त्रणमा सहयोग पुग्ने उपत्यका प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक मैनालीले बताए । 'सिट बेल्ट लगाएको छ कि छैन, चालकले धुमपान गरेर गाडी चलाएको छ कि ? फोनमा कुरा गरेर पो गाडी चलाएको छ कि ? भनेर पत्ता लगाउन उक्त क्यामराले सहयोग गर्छ,' उनले भने, 'नम्बर प्लेटलाई पनि रिड गरेर पठाउने उक्त प्रविधि आधुनिक हो । यसले नम्बर प्लेट र चालकको सिटसम्मकै गतिविधि फोटो खिचेर सर्भरमा पठाउने हुँदा ट्राफिकिङमा ठूलो सहयोग गर्ने विश्वास गरिएको छ ।'

मैनालीका अनुसार उपत्यकामा यस्ता विभिन्न प्रविधियुक्त क्यामरा १७० वटा राख्न थालिएको छ । फेस रिड क्यामरा १० ठाउँमा, अटोमेटिक नम्बर प्लेट रिकग्नाइजेसन क्यामरा १० ठाउँमा र भिडियो म्यानेजमेन्टसहितको क्यामरा (एआई प्रविधिमा आधारित) १५० स्थानमा जडान गर्न लागिएको उनले जानकारी दिए । *रासस*

# कोरोना भाइरसविरूद्धको खोप 'डिस्पोजल' गरिँदै

**काठमाडौं (प्रस)–** सरकारले कोरोना भाइरसविरुद्ध प्रयोग गर्न ल्याएको ४० लाख मात्रा खोप प्रयोगमा नआएपछि विसर्जन 'डिस्पोजल' को तयारी गरेको छ । चीन सरकारले अनुदानमा उपलब्ध गराएको कोरोना भाइरसविरुद्धको साइनोभ्याक खोप प्रयोग नगरी म्याद सकिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विर्सजन गर्ने तयारी गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कोरोना भाइरसविरुद्धको ४० लाख मात्रा खोप विसर्जनको तयारी भइरहेको जानकारी दिए । 'खोप प्रयोग नभएपछि म्याद सकिएको छ,' उनले भने, 'धेरै मात्रा खोप भएकाले के कसरी विसर्जन गर्ने भन्ने विषयमा कार्यविधि बनाउँदै छौं ।'

प्रवक्ता डा. बुढाथोकीका अनुसार खोपलाई धेरै तापक्रममा वा इँटाभट्टामा राखेर जलाउने भन्नेमा छलफल भइरहेको छ । बुस्टर डोजका लागि प्रयोग हुन नमिल्ने भएपछि विगत साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा खोप थन्किएका उनको भनाइ थियो ।

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले बुस्टर डोजका लागि प्रयोग गर्न नभनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले उक्त खोप नलगाउने निर्णय गरेको थियो । उक्त खोप चीन सरकारबाट अनुदानमा २०७८ वैशाख १२ गते ३४ लाख ४३ हजार ३६० मात्रा र वैशाख १४ गते पाँच लाख ५६ हजार ६४० मात्रा खोप नेपाल आएको थियो ।

Government of Nepal
**Ministry of Home Affairs**
**Armed Police Force, Nepal No. 4 Muktinath Brigade HQ**
**Kaski, Pokhara**

**Invitation for Bids**

Date of publication: 7th Magh, 2080
Invitation for Bids No: APF/NCB/G/01/2080/081

1. The ***Armed Police Force, Nepal No. 4 Muktinath Brigade HQ Pokhara, Kaski*** invites ***electronic*** bids from eligible bidders for the procurement of ***Supply and Delivery of Low Bed*** under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Armed Police Force, Nepal No. 4 Muktinath Brigade HQ Pokhara, Kaski, mailing address, muktinath.bde@gmail.com,*** **Telephone** ***061-455200, 9851272025*** or may visit PPMO egp system ***www.bolpatra.gov.np/egp.***
4. A complete *set* of Bidding Documents may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank Limited Prithvi Chowk Branch Pokhara, Kaski.
   Name of Office: Armed Poliice Force Nepal No. 4 Muktinath Brigade HQ Kaski, Pokhara
   Office Code no.: 314053901 Office Account no.: 1000100200010000 Rajaswa (revenue) Shirshak no.: 14229.
5. Pre-bid meeting shall be held at ***Armed Police Force, Nepal No. 4 Muktinath Brigade HQ Pokhara, Kaski*** at 13:00 hrs of 26th Magh, 2080.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp before ***12:00 hrs of 8th Falgun, 2080.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hrs. of 8th Falgun, 2080*** at the office of ***Armed Police Force, Nepal No. 4 Muktinath Brigade HQ Pokhara, Kaski***. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. ***70,000.00***, which shall be valid for 30 days beyond the validity period of the bid 4th ***Asar, 2081.***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contracts (*packages/Lots*) are as follows:

| S.N. | Contract ID No. | Name of Procurement | Bid Security amount | Bid Document Fee |
|---|---|---|---|---|
| 1. | APF/NCB/G/01/2080/081 | Supply and Delivery of Low Bed | NRS 70,000/- | NRS 3,000/- |

## पृष्ठ १ बाट क्रमशः

### नेपाल-भारत...

सीमा क्षेत्रमा अनधिकृत संरचना निर्माणबाहेक खेतीपातीसमेत गर्दै आएको खुलेको छ । धेरै ठाउँमा भारत र केही ठाउँमा नेपाली पक्षले पनि मिचेर खेतीपाती गर्दै आएका छन् । सशस्त्र प्रहरीका अनुसार १५ सीमा जोडिएको नेपालको १५ जिल्लामा हजारौं हेक्टर जमिनमा खेती गर्दै आएका छन् । २७४ वटा भारतीय ठाउँमा पनि नेपाली पक्षले खेती गर्दै आएको पाइएको छ । एक वर्षयता भने सीमा क्षेत्रमा घरटहरासहितको संरचनामात्रै नभई खेतीपाती गर्नसमेत दिइएको छैन ।

सीमाविद् बुद्धिनारायण श्रेष्ठ खेतीपाती र अवैध संरचना खडा गरेर शक्ति राष्ट्रले सिमाना मिच्ने गरेको बताउँछन् । पछिल्ला समस्या भारतले नेपालविरुद्ध ठ्याक्कै त्यसै गरिरहेको उनले बताएका छन् । श्रेष्ठका अनुसार स्वाभाविक रूपमा ठूला देशले साना देशको सीमामा हस्तक्षेप गर्छ । त्यसका लागि अनधिकृत संरचना बनाउँछ र त्यसकै माध्यमबाट अन्ततः सीमा मिच्ने काम हुन्छ । नेपाल-भारतबीच एक हजार ८८० किलोमिटरभन्दा बढी खुला सीमा छ ।

●●●

### स्तम्भ चिटिक्क...

त्यसमध्ये डिएसपीको कमाण्डमा ४५ युनिट र बाँकीमा प्रहरी निरीक्षकको नेतृत्वमा बोर्डर आउट पोस्ट (बिओपी) मार्फत सशस्त्रको जनशक्ति तैनाथ छ । २०७७ मा तत्कालीन सरकारले चीन र भारततर्फ सीमा सुरक्षाका लागि बिओपी संख्या ५०० पुर्‍याउने लक्ष्य राखेको थियो । तर, त्यसअनुसार जनशक्ति र स्रोत साधन व्यवस्थापन नहुँदा काम अघि बढेको छैन । बिओपीलाई सीमा सुरक्षाको आधारबिन्दु मान्ने गरिएको छ । कालापानी, लिम्पियाधुरालगायत नेपाली भूमिमा भारतको अतिक्रमणमा भइरहेपछि सरकारले बिओपी निर्माणलाई अघि बढाएको हो । तर, केही ठाउँमा भने बिओपी निष्प्रभावी छ ।

●●●

### 'कोशी' नाम...

यसरी प्रदेश झण्डै एक वर्षदेखि अशान्त छ । यहीबेला प्रदेशका भौतिक पूर्वाधारमन्त्री जबेगूको संयोजकत्वमा पहिचानवादीहरूसँग सम्वाद गर्न वार्ता टोली गठन भएको हो । जबेगूले संसद्मा गत वर्षको १७ फागुनमा प्रस्तुत कोशी नामसम्बन्धी प्रस्तावको विरुद्धमा मतदान गरेका थिए । उनै जबेगूको संयोजकत्वमा वार्ता टोली गठनपछि पहिचानवादीहरू आशावादी देखिएका छन् ।

पहिचान आन्दोलनको अग्रमोर्चामा देखिँदै आएकी नेतृ निरन्ती तुम्बापोले वार्ता टोली गठन हुनु सकारात्मक भएको बताइन् । उनले वार्ता सर्वदलीय हुनुपर्ने माग आफूहरूको रहेको प्रस्ट पारिन् । 'हामीलाई आधिकारिक रूपमा पत्र त आएको छैन । तर, हाम्रो मागचाहिँ वार्ता सर्वदलीय हुनुपर्‍यो । किनभने नामकरण गर्दा बहुमत र अल्पमतको खेल भएको थियो । एमाले, कांग्रेससहितको सर्वदलीय बैठक हुनुपर्‍यो,' उनले भनिन् ।

यसअघिका मुख्यमन्त्री हिक्मत कार्कीले पनि पहिचानवादीहरूसँग सम्वाद गर्न वार्ता टोली गठन गरेका थिए । तत्कालीन खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री तिलकुमार मेन्याङ्बो संयोजकतत्वमा तीन सदस्यीय वार्ता टोली गठन गरेका थिए । समितिले पहिचानवादीहरूसँग भने सम्वाद नै गरेन । उक्त समिति प्रभावहीन बन्नपुगेको थियो ।

●●●

### श्रम स्वीकृति...

चालु आव सुरु भएयता कतार र साउदी जाने नेपालीको संख्या बराबरी जस्तो देखिए पनि युएई जाने संख्यामा उल्लेख्य वृद्धि भएको विभागको तथ्यांक छ ।

यसैगरी यस्तै पाँचौं स्थानमा परेको कुवेतमा तीन हजार ५१८ जना नेपाली श्रमिक रोजगारीका लागि पुगेका छन् । कुवेत जाने श्रमिकहरूको संख्या पनि क्रमशः बढेको छ । उल्लिखित पाँच मुलुकले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशतभन्दा बढी) ओगटेको विभागको तथ्यांकबाट देखिएको छ ।

यसैगरी जापान एक हजार १९९, रोमानिया एक हजार ५८, बहराइन ९९४, ओमान ६८३, माल्दिभ्स ६२१, क्रोएसिया ५५८, मोरिसस जान ४८१ र साइप्रसका लागि ३५७ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै मंसिर महिनामा इपिएस प्रणालीमार्फत दक्षिण कोरिया जाने नेपालीको संख्या एक हजार ४२५ रहेको छ ।

## Chhipaharmai Rural Municipality
### Office of the Rural Municipal Executive
Bhiswa, Parsa

**NOTICE OF INVITATION FOR ELECTRONIC BID**

**First Date of Publication: 21th January 2024**

1. Chhipaharmai Rural Municipality, Bhiswa, Parsa invites electronic bids from eligible Nepalese bidders for the following works:

| S. No. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Amount (without VAT and PS) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 13/CRMO/PAR/NCB/WORKS80/081 | Construction of Birthing Center at Ward No. 4 Tulsi Barwa | 3,000.00 | 68,77,296.68 | 90 days | 190,000.00 / 120 days |
| | **Deadline for Bid Submission:** | | 21/02/2024 till 12:00 Noon | | | |
| | **Date, Time and Place of Bid Opening:** | | 21/02/2024 1:00 PM at Chhipaharmai Rural Municipality, Bhiswa, Parsa | | | |
| | **Account Number for Bid Document Purchase:** | | Name of Bank: NIC Asia Bank, Bhiswa Branch<br>Account Name: Antarik Rajaswa Khata Chhipaharmai Ga. Pa<br>Office Account no.: L6CA000187452406 | | | |
| | **Account Number for Bid Security Deposit:** | | Account Name: Dharauti Khata Chhipaharmai Ga. Pa<br>Bank Name: NIC Asia Bank, Bhiswa Branch<br>Account Number: L6CA000187452404 | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Chhipaharmai Rural Municipality, Bhiswa, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoeve


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NUJOOM AL SAQR BUILDING CLEANING SERVICES
पूर्व स्वीकृति मिति २०८०/१०/०५ LT. No. 298291 चलानी नं. ६०२१३३२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 28 | 0 | 1000 | ३६,०९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १४, १५ र १६ गते (28, 29, 30th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT. LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathamandu, Nepal, Mobile: 9807797030, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FARIS AL ARAB CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८०/१०/०५ LT. No. 298249 चलानी नं. ६०२१३३३४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | crane worker | 1 | 0 | 2500 | ८८,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | HEAVY TRUCK DRIVER | 12 | 0 | 1900 | ६७,१५३ | | | | | | | |
| 3 | Pickup Truck Driver | 1 | 0 | 1500 | ५३,०१६ | | | | | | | |
| 4 | WORKSHOP WORKER | 8 | 0 | 1000 | ५३,३४४ | | | | | | | |

कम्पनी : MUSAID ABDUL LATIF AL GHAMLAS CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०८०/१०/०५ LT. No. 298370 चलानी नं. ६०२१३३४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WOODEN FLOOR INSTALLER | 6 | 0 | 1300 | ४५,९४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १४ गते (28th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAMDAN GLOBAL PVT. LTD.
License No. : 1563/079/080
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KONWAY INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०८०/१०/०५ LT. No. 298418 चलानी नं. ६०२१३१३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 10 | 0 | 1500 | ४२,१८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १४ गते (28nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

# २७ हजारभन्दा बढीले पाए पहिलो किस्ताको राहत

**जाजरकोट (प्रस)**– रामीडाँडा केन्द्रबिन्दु भएर गएको भूकम्पबाट प्रभावितमध्ये हालसम्म २७ हजार ९१ जनाले अस्थायी आवासका लागि पहिलो किस्ताको रकम पाएका छन् । बयालीस हजार ५२४ पीडितमध्ये २७ हजार ९१ पीडितले मात्र पहिलो किस्ताको रकम पाएको जिल्ला प्रशासन कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत हरिश्चन्द्र शर्माका अनुसार भेरी नगरपालिकाका जम्मा पीडित छ हजार ६३४ मध्ये चार हजार ६४२ ले पहिलो किस्ताको रकम पाएका छन् । नलगाड नगरपालिकाका जम्मा आठ हजार ९७ जना पीडितमध्ये सात हजार १५० जनाले पहिलो किस्ता रकम प्राप्त गरेको जानकारी गराएको छ । छेडागाडमा आठ हजार २०५ मध्ये दुई हजार १८८ जनाले मात्र रकम पाएको उल्लेख गरिएको छ ।

बारेकोटमा पाँच हजार ५८६ मध्ये चार हजार ६८७ जनाले पहिलो किस्ताबापतको रकम पाएका छन् । कुशे गाउँपालिकाका पाँच हजार २८७ परिवारमध्ये चार हजार १५४ परिवारले पहिलो किस्ताको रकम पाएका छन् । त्यस्तै जुनिचाँदे गाउँपालिकामा पाँच हजार ४०६ मध्ये एक हजार ११३ परिवारलाई पहिलो किस्ता उपलब्ध गराएको छ । शिवालय गाउँपालिकामा तीन हजार ३० ९ जनामध्ये तीन हजार १४७ परिवारलाई पहिलो किस्ता उपलब्ध गराएको जानकारी दिइएको छ ।

बयालीस हजार ५२४ पीडितमध्ये हालसम्म २७ हजार ९१ परिवारले रकम बुझेको प्रशासनको विज्ञप्तिमा जनाएको छ । दश हजार १५९ परिवारमात्र अहिलेसम्म अस्थायी टहरा निर्माण गरेर बसिरहेकोसमेत उल्लेख गरिएको छ । हालसम्म ३२ हजार ३६५ परिवार अझै त्रिपालमा बसिरहेका छन् । जम्मा भूकम्पपीडितको संख्या ४२ हजार ५२४ रहेको छ । हालसम्म जुनिचाँदे गाउँपालिकामा कुनै पनि अस्थायी आवास निर्माण नगरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# सीमा सुरक्षाबारे छलफल

**बाँके (प्रस)**– बाँके र बर्दियासँग सिमाना जोडिएको भारतीय जिल्ला बहराइचका डिस्ट्रिक मजिस्ट्रेट मोनिका रानी (डिएम)को निमन्त्रणामा बाँके र बर्दियाका प्रमुख जिल्ला अधिकारीसहितका सुरक्षा प्रमुखहरूको एकदिने समकक्षी बैठक भारतको बहराइचस्थित नान्पारामा सम्पन्न भएको छ ।

बहराइचका डिस्ट्रिक मजिस्ट्रेट रानीको नेतृत्वको भारतीय सुरक्षा अधिकारीसँगको संयुक्त सीमा बैठकमा नेपालको तर्फबाट बाँकेका प्रजिअ श्रवणकुमार पोखरेलसहित सुरक्षा अधिकारीले भाग लिएका थिए । नेपाली पक्षबाट बर्दियाका सप्रजिअ मोहन अर्याल, बाँके र बर्दियाका प्रहरी उपरीक्षक क्रमशः सुवासचन्द्र बोहरा, सुधीर शाहीलगायत सहभागी रहेका थिए ।

भोलि माघ ८ गते भारतको अयोध्यामा श्रीराम मन्दिरको प्राण प्रतिष्ठा कार्यक्रम र माघ १२ गते हुने गणतन्त्र दिवसका अवसरमा सुरक्षा एवं सुदृढ कानुनी व्यवस्था बनाउने विषयबारे संयुक्त सुरक्षा छलफल गरिएको बाँकेका प्रजिअ पोखरेलले बताए ।

प्रजिअ पोखरेलले सुदृढ सुरक्षा व्यवस्था बनाइ राख्ने दिशामा सीमावर्ती दुवैतर्फका सुरक्षा अधिकारीले आपसी समन्वयका साथ काम गर्ने, सीमा क्षेत्रबाट हुनसक्ने अवैध घुसपैठ नियन्त्रण गर्ने, सीमा क्षेत्रमा विशेष निगरानी बढाउने, संयुक्त चेकजाँच र गस्ती बढाउनेजस्ता विषयमा छलफल भएको जानकारी दिए । शनिबार अपराह्न सुरु बैठकपछि दुवै पक्षका सुरक्षा अधिकारीले नेपाल-भारत अन्तर्राष्ट्रिय सीमास्तम्भ र जमुनाह नाका निरीक्षण गरेका थिए ।

# राममय बन्यो जलेश्वर



**जलेश्वर**– भारतको उत्तर प्रदेशमा रहेको अयोध्यामा आउँदो सोमबार (जनवरी २२ तारेख) का दिन हुन लागेको भगवान् रामको प्राण प्रतिष्ठा कार्यक्रमलाई लिएर अहिले महोत्तरी सदरमुकाम जलेश्वर राममय भएको छ । जलेश्वरमा अहिले प्रत्येक घर, व्यापार, व्यवसाय, पसल, उद्योग, कारखाना र नगरभरि रहेका प्रत्येक पोलमा भगवान् रामचन्द्रको प्रतिमा अंकित झण्डा लगाउनुका साथै बिजुली बत्ती र फूलमाला लगाएर झकिझकाउ बनाइएको छ ।

त्यसैगरी जलेश्वरको प्रत्येक प्रतिष्ठान र घर परिवारमा अहिले 'राम आँयेगें' बोलको गीतले गुञ्जिएको छ । यसैबीच राम मन्दिरमा हुन लागेको भगवान् रामचन्द्रको प्राण प्रतिष्ठालाई लक्षित गर्दै जलेश्वर नगरपालिकाले आउँदो सोमबार नगभरिका सबै घर, मठ, मन्दिर, उद्योग, व्यापार, व्यवसाय, पसल, कलकारखाना र नगरभरिका सम्पूर्ण दोबाटो, चौबाटो तथा चोकचोकमा दीप प्रज्वलन गर्न नगरवासीलाई आग्रह गरेको छ ।

नगरप्रमुख सुरेश साह सोनारले एक विज्ञप्ति जारी गर्दै सम्पूर्ण नगरवासीमा राम भगवान्को प्राण प्रतिष्ठाको दिन खुसियाली मनाउन आग्रह गरेका हुन् । उनले हामी सम्पूर्ण व्यक्तिलाई माता जानकीको नगरवासी (मिथिलावासी) रहेको संज्ञा दिनुहुँदै हाम्रो लागि भगवान् रामको मन्दिरमा प्राण प्रतिष्ठाको दिन गौरव र सम्मानको दिन भएकाले सो दिनमा दीपावली मनाउनुको साथै खुसी साटासाट गर्न आग्रह गरेका छन् ।

साथै जलेश्वर नगरपालिकाद्वारा आउँदो सोमबार जलेश्वर नगरपालिका क्षेत्रभित्र माछा, मासु र मदिराको सेवन तथा बिक्री वितरणमा रोक लगाइएको विज्ञप्तिमा उल्लेख छ । सोही दिन जलेश्वरका युवाले पनि भगवान् रामचन्द्रको प्राण प्रतिष्ठाको दिनलाई स्मरणीय बनाउन सो दिनमा जलेश्वर नगरभरि रामचन्द्र र माता सीताको झाँकी निकाल्ने, रामनाम जापसहितको बाजागाजा र लावा लस्कर निकालेर नगरपरिक्रमा गर्ने, जलेश्वरनाथ महादेव परिसरमा दीप प्रज्वलन गर्ने, जलेश्वर नगरपालिका-१ स्थित बरुण सरोवरमा साँझपख गंगा आरती गर्ने, राति नगरभरि दीपावली गर्न लगाउनेलगायतका कार्यक्रम राखेको जलेश्वर उद्योग वाणिज्य संघका महासचिव शिवचन्द्र चौधरीले बताए । *रासस*


## नारायणी डेभलपमेन्ट बैंक लि.
## Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Ratnanagar-1, Chitwan, Nepal
Tel.: +977-56-561258/560608
Fax: +977-56-561670
www.ndbl.com.np, info@ndbl.com.np

# Unaudited Financial Results (Quarterly)

## As on Second Quarter (29/09/2080) for F.Y. 2080/81

### Condensed Consolidated Statement of Financial Position
As on Quarter ended 29th Poush, 2080

(Amount in NPR, Full Figure)

| Particulars | Group | | Bank | |
|---|---|---|---|---|
| | This Quarter Ending | Immediate Previous Year Ending(Unaudited) | This Quarter Ending | Immediate Previous Year Ending(Unudited) |
| **Assets** | | | | |
| Cash and Cash Equivalent | 118,527,644 | 127,548,543 | 118,527,644 | 127,548,543 |
| Due from Nepal Rastra Bank | 27,973,416 | 40,879,280 | 27,973,416 | 40,879,280 |
| Placement with Banks and FIs | - | - | - | - |
| Derivative Financial Instruments | - | - | - | - |
| Other Trading Assets | - | - | - | - |
| Loans and Advances to Banks and FIs | - | - | - | - |
| Loans and Advances to Customers | 347,142,297 | 481,735,321 | 347,142,297 | 481,735,321 |
| Investment Securities | 43,144,689 | 47,197,482 | 43,144,689 | 47,197,482 |
| Current Tax Assets | 10,010,037 | 9,895,829 | 10,010,037 | 9,895,829 |
| Investment in Subsidiaries | - | - | - | - |
| Investment in Associates | - | - | - | - |
| Investment Property | - | - | - | - |
| Property and Equipment | 34,648,115 | 36,885,795 | 34,648,115 | 36,885,795 |
| Goodwill and Intangible Assets | 2,090,902 | 2,591,149 | 2,090,902 | 2,591,149 |
| Deferred Tax Assets | 18,500,713 | 17,284,404 | 18,500,713 | 17,284,404 |
| Other Assets | 7,856,293 | 6,404,889 | 7,856,293 | 6,404,889 |
| **Total Assets** | **609,894,106** | **770,422,691** | **609,894,106** | **770,422,691** |
| **Liabilities** | | | | |
| Due to Banks and FIS | - | - | - | - |
| Due to Nepal Rasra Bank | - | - | - | - |
| Derivative Financial Instruments | - | - | - | - |
| Deposit from Customers | 525,253,613 | 632,813,148 | 525,253,613 | 632,813,148 |
| Borrowings | - | - | - | - |
| Current Tax Liabilities | - | - | - | - |
| Provisions | 525,450 | 864,450 | 525,450 | 864,450 |
| Deferred Tax Liabilities | - | - | - | - |
| Other Liabilities | 43,501,141 | 42,269,341 | 43,501,141 | 42,269,341 |
| Debt Securities Issured | - | - | - | - |
| Subordinated Liabilities | - | - | - | - |
| **Total Liabilities** | **569,280,204** | **675,946,939** | **569,280,204** | **675,946,939** |
| **Equity** | | | | |
| Share Capital | 262,467,600 | 262,467,600 | 262,467,600 | 262,467,600 |
| Share Premium | 10,101,374 | 10,101,374 | 10,101,374 | 10,101,374 |
| Retained Earnings | (375,705,259) | (312,933,562) | (375,705,259) | (312,933,562) |
| Reserves | 143,750,186 | 134,840,341 | 143,750,186 | 134,840,341 |
| **Total Equity Attributable to Equity Holders** | **40,613,901** | **94,475,753** | **40,613,901** | **94,475,753** |
| Non Controlling Interest | - | | | |
| **Total Equity** | **40,613,901** | **94,475,753** | **40,613,901** | **94,475,753** |
| **Total Liabilities and Equity** | **609,894,106** | **770,422,691** | **609,894,106** | **770,422,691** |

### Condensed Consolidated Statement of Profit and Loss
As on Quarter ended 29th Poush, 2080

(Amount in NPR, Full Figure)

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Interest income | 11,496,786 | 26,356,759 | 19,434,908 | 31,303,488 | 11,496,786 | 26,356,759 | 19,434,908 | 31,303,488 |
| Interest expense | 9,966,037 | 21,910,812 | 11,936,686 | 22,228,613 | 9,966,037 | 21,910,812 | 11,936,686 | 22,228,613 |
| **Net interest income** | **1,530,749** | **4,445,947** | **7,498,222** | **9,074,875** | **1,530,749** | **4,445,947** | **7,498,222** | **9,074,875** |
| Fee and commission income | 176,410 | 380,971 | 865,426 | 2,499,892 | 176,410 | 380,971 | 865,426 | 2,499,892 |
| Fee and commission expense | - | - | - | - | - | - | - | - |
| **Net fee and commission income** | **176,410** | **380,971** | **865,426** | **2,499,892** | **176,410** | **380,971** | **865,426** | **2,499,892** |
| **Net interest, fee and commission income** | **1,707,159** | **4,826,917** | **8,363,648** | **11,574,766** | **1,707,159** | **4,826,917** | **8,363,648** | **11,574,766** |
| Net trading income | - | - | | - | - | - | | |
| Other operating income | - | - | 9,058 | 17,937 | - | - | 9,058 | 17,937 |
| **Total operating income** | **1,707,159** | **4,826,917** | **8,372,705** | **11,592,704** | **1,707,159** | **4,826,917** | **8,372,705** | **11,592,704** |
| Impairment charge/(reversal) for loans and other losses | 42,337,481 | 45,684,622 | (3,919,212) | 5,304,576 | 42,337,481 | 45,684,622 | (3,919,212) | 5,304,576 |
| **Net operating income** | **(40,630,322)** | **(40,857,705)** | **12,291,918** | **6,288,128** | **(40,630,322)** | **(40,857,705)** | **12,291,918** | **6,288,128** |
| Operating expense | - | | - | | - | - | - | |
| Personnel expenses | 4,860,902 | 10,710,431 | 4,627,365 | 9,850,483 | 4,860,902 | 10,710,431 | 4,627,365 | 9,850,483 |
| Other operating expenses | 4,561,709 | 8,993,926 | 5,700,614 | 9,897,362 | 4,561,709 | 8,993,926 | 5,700,614 | 9,897,362 |
| Depreciation & Amortization | 1,650,116 | 3,300,232 | 1,891,218 | 3,169,514 | 1,650,116 | 3,300,232 | 1,891,218 | 3,169,514 |
| **Operating Profit** | **(51,703,049)** | **(63,862,293)** | **72,721** | **(16,629,231)** | **(51,703,049)** | **(63,862,293)** | **72,721** | **(16,629,231)** |
| Non operating income | - | - | - | - | - | - | - | - |
| Non operating expense | - | - | - | - | - | - | - | - |
| **Profit before income tax** | **(51,703,049)** | **(63,862,293)** | **72,721** | **(16,629,231)** | **(51,703,049)** | **(63,862,293)** | **72,721** | **(16,629,231)** |
| Income tax expense | - | - | - | | - | - | - | - |
| Current Tax | - | | - | | - | - | - | - |
| Deferred Tax | - | - | - | - | - | - | - | - |
| **Profit for the period** | **(51,703,049)** | **(63,862,293)** | **72,721** | **(16,629,231)** | **(51,703,049)** | **(63,862,293)** | **72,721** | **(16,629,231)** |

### Condensed Consolidated Statement of Other comprehensive income
As on Quarter ended 29th Poush, 2080

(Amount in NPR, Full Figure)

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Profit or loss for the year | (51,703,049) | (63,862,293) | 72,721 | (16,629,231) | (51,703,049) | (63,862,293) | 72,721 | (16,629,231) |
| **Other comprehensive income<br>a) Items that will not be reclassified to Profit or loss** | | | | | | | | |
| ▪ Gains/(losses) from Investments in equity instruments measured at fair value | 10,022,721 | 2,984,963 | 7,214,705 | 4,158,130 | 10,022,721 | 2,984,963 | 7,214,705 | 4,158,130 |
| ▪ Gains/(losses) on revaluation | - | | | | - | - | - | - |
| ▪ Actuarial gains/(losses) on defined benefit plans | - | | | | - | - | - | - |
| ▪ Income tax relating to above items | (3,006,816) | (895,489) | (2,164,412) | (1,247,439) | (3,006,816) | (895,489) | (2,164,412) | (1,247,439) |
| **Net other comprehensive income that will not be reclassified to profit or loss** | **7,015,904** | **2,089,474** | **5,050,294** | **2,910,691** | **7,015,904** | **2,089,474** | **5,050,294** | **2,910,691** |
| **b) Items that are or may be reclassified to profit or loss** | | | | | | | | |
| ▪ Gains/(losses) on cash flow hedge | | | | | | | | |
| ▪ Exchange gains/(losses) (arising from trasalating financial assets of foreign operation) | | | | | | | | |
| ▪ Income tax relating to above items | | | | | | | | |
| ▪ Reclassify to profit or loss | | | | | | | | |
| **Net other comprehensive income that are or may be reclassified to profit or loss** | | | - | - | | | - | - |
| **c) Share of other comprehensive income of associate accounted as per equited method** | | | | | | | | |
| **Other comprehensive income for the period, net of income tax** | **7,015,904** | **2,089,474** | **5,050,294** | **2,910,691** | **7,015,904** | **2,089,474** | **5,050,294** | **2,910,691** |
| **Total comprehensive income for the period** | **(44,687,144)** | **(61,772,819)** | **5,123,015** | **(13,718,540)** | **(44,687,144)** | **(61,772,819)** | **5,123,015** | **(13,718,540)** |
| Basic earning per share | (24.33) | (24.33) | (5.23) | (5.23) | (24.33) | (24.33) | (5.23) | (5.23) |
| Diluted earning per share | (24.33) | (24.33) | (5.23) | (5.23) | (24.33) | (24.33) | (5.23) | (5.23) |
| **Profit attributable to:** | | | | | | | | |
| Equity holders of the Bank | (44,687,144) | (61,772,819) | 5,123,015 | (13,718,540) | (44,687,144) | (61,772,819) | 5,123,015 | (13,718,540) |
| Non-controlling interest | | | | | | | | |
| **Profit for the period** | **(44,687,144)** | **(61,772,819)** | **5,123,015** | **(13,718,540)** | **(44,687,144)** | **(61,772,819)** | **5,123,015** | **(13,718,540)** |

### Statement of Distributable Profit or Loss
As on Quarter ended 29th Poush, 2080

Amount in full figure

| Particulars | Amount |
|---|---|
| Net Profit for the period end Poush 2080 | (63,862,293) |
| **Net profit or (loss) as per statement of profit or loss** | |
| **Appropriations:** | |
| a. General reserve | - |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | - |
| e. Employees' training fund | - |
| f. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **(63,862,293)** |
| Regulatory adjustment (if any) | - |
| **Distributable profit or (loss)** | **(63,862,293)** |

### Ratio as per NRB Directives Second Quarter
As on Quarter ended 29th Poush, 2080

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Capital Fund To RWA | 9.46% | 9.46% | 15.73% | 15.73% | 9.46% | 9.46% | 15.73% | 15.73% |
| Non Performing Loan (NPL) To Total Loan | 27.75% | 27.75% | 2.83% | 2.83% | 27.75% | 27.75% | 2.83% | 2.83% |
| Total Loan Loss provision To Total NPL | 99.00% | 99.00% | 96.75% | 96.75% | 99.00% | 99.00% | 96.75% | 96.75% |
| Total Loan Loss provision To Total Loan | 27.54% | 27.54% | 3.00% | 3.00% | 27.54% | 27.54% | 3.00% | 3.00% |
| Cost of Fund | 8.19% | 8.19% | 9.49% | 9.49% | 8.19% | 8.19% | 9.49% | 9.49% |
| Credit To Deposit Ratio | 91.20% | 91.20% | 91.53% | 91.53% | 91.20% | 91.20% | 91.53% | 91.53% |
| Base Rate | 17.64% | 17.64% | 17.02% | 17.02% | 17.64% | 17.64% | 17.02% | 17.02% |
| Interest Spread | 5.96% | 5.96% | 4.17% | 4.17% | 5.96% | 5.96% | 4.17% | 4.17% |

**Notes to NFRS Compliant Financial Statement**

- The above financial statement has been prepaid in accordance with Nepal financial Reporting standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank.
- Previous period figures have been regrouped / rearranged/ restated wherever necessary.
- Loan and advances are presented net of impairment charges.
- Provision for gratuity and leave has been provided based on estimation by management and hence actuarial gain/loss has not been separately disclosed and will change as per actuary report.
- The above figures are subject to change upon otherwise instruction from statutory auditors and/or regulatory authorities.
- Detailed Financial Report is uploaded in the website of the bank (www.ndbl.com.np).

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनूसुची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित**

## आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

क) त्रैमासीक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु :**

| | | |
|---|---|---|
| प्रतिशेयर आम्दानी : रु. (२४.३३) | मूल्य आम्दानी अनुपातः रु (१७.०६) | प्रतिशेयर नेटवर्थ : रु. १५.४७ |
| प्रतिशेयर कूल सम्पत्तिको मूल्य : रु. २१६.८ | तरलता अनुपात : २८.६५% | पुंजीकोष अनुपात : ९.४६% |

**२. व्यवस्थापकीय विश्लेषण**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** समीक्षा अवधिमा अर्थतन्त्रमा देखिएको तरलता संकुचन, ब्यावसायिक कारोवारमा आएको मन्दीका कारणले अपेक्षित रुपमा बैंकको निक्षेप तथा कर्जा लगानीमा बृद्धी हुन नसकेतापनी क्रमश सुधार हुँदै गएको छ । ।

ख) आगामी अवधिको लागि व्यवसायिक योजना साथै दिगो आर्थिक विकासको लागि बैंकले विश्वसनीय तबरबाट विशुद्ध बैंकिङ सुविधा प्रदान गर्दै तथा सरोकारवालाहरुको हितको पनि संरक्षण गर्दै जानेछ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण**

क) यस त्रैमासिक अवधिमा यस बैंकले वा बैंकको विरुद्धमा कुनै मुद्धा दायर गरेको छैन ।

ख) बैंकको संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा गरेको सम्बन्धमा बैंक समस्याग्रस्त घोषणा हुँदाका बखतमानै मुद्दा दायर भई सम्मानित अदालतमा बिचाराधिन अवस्थामा रहेको छ ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई कारोवार भैरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ । तर प्रचलित कानून अनूसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउन पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

ख) यस विकास बैंकको त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

| महिना | कारोबार संख्या | कारोबार रकम रु | कारोबार भएको कुल दिन | उच्च मुल्य | न्युन मुल्य | अन्तिम मुल्य |
|---|---|---|---|---|---|---|
| कार्तिक | ९,१०२ | ३,२५१,९०७ | १० | ३७४ | ३४७ | ३५६ |
| मङ्सिर | १९,४०० | ७,०३१,२०६ | १८ | ३९०.१ | ३४२.१ | ३८५ |
| पौष | २७९,१९८ | ११२,२७१,७०३ | १८ | ४४० | ३६३.६ | ४१५ |

**५. समस्या तथा चुनौतिहरु**

**क) आन्तरिक समस्या एवं चुनौतिहरु**

- संचालन खर्च बढ्दै जानु, ब्याजदर अन्तर कम हुनु, दक्ष जनशक्तीको अभाव, निक्षेप तथा कर्जाको ब्याजदर छिटो परिवर्तन हुनु, लगानीका क्षेत्रहरु विस्तार हून नसक्नु, संचालन जोखिम बढ्नु जस्ता यावत समस्याको वावजुत दिगो रुपमा संस्थाको मूनाफा वृद्धि गर्दै जाने कार्य चूनौतिको रुपमा रहेको ।
- अर्थतन्त्रमा देखिएको तरलता संकुचनका कारण ब्यवसाय प्रभावित हुने सम्भावना यथावत रहनु । नयाँ अवसरहरुको पहिचान गरी ब्यवसायिक कारोवार गर्नुको विकल्प नरहेको बिद्यमान अवस्थालाई चिर्नुपर्ने चुनैती रहेको ।
- प्रतिस्पर्धात्मक बैंकिङ कारोवारको लागी प्रबिधिक रुपमा सक्षम हुन चुनौती रहेको ।
- तिव्र रुपमा मुलुकमा विस्तार भइरहेको बैकिङ्ग कारोबार तथा शाखाहरु वृद्धि संग संगै संचालन जोखिम व्यवस्थापनमा थप चुनौतीपूर्ण रहेको ।

**ख) बाह्य समस्या एवं चुनौतिहरु**

- बढ्दो प्रतिस्पर्धा, सूचना तथा प्रविधिको क्षेत्रमा देखिएका जोखिम तथा चुनौतिहरु आदी ।
- अर्थतन्त्रमा देखिएको तरलता संकुचनको कारणले सृजना भएका तथा भविष्यमा हुने अन्य चुनौतीहरु ।
- बजारमा आएको ब्यावसायिक मन्दीको कारण ग्राहकहरुको नगद प्रवाहमा आउने बिचलनले सृजना हुने चुनौतीहरु ।
- बैंकिङ तथा वित्तीय क्षेत्रमा हुने बिभिन्न नकारात्मक घटना, बाह्य आक्रण, अफवाह लगाएतका समाचार सम्प्रेषणले बित्तीय संस्थामा पर्ने बहुआयामिक असरले सृजना हुन जाने चुनौतीहरु ।

**रणनीति**

बैंकले माथि उल्लेखित आन्तरीक समस्या तथा चुनौतीहरुका बिषयमा सचेत भई सो बाट उत्पन्न हुन सक्ने जोखिमको बिषयमा अध्ययन गरी नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, बिभिन्न समयमा बैंक तथा बित्तीय संस्थालाई जारी हुने परिपत्र, संस्थाको नीति, नियम तथा कार्यबिधिको अधिनमा रही आवश्यक रणनीति तर्जुमा गर्ने, न्युन लागत भएका दिगो निक्षेप लाई बढावा दिई व्याजदरलाई सन्तुलीत राख्ने आवश्यक कदमहरु अवलम्वन गर्ने, संचालन खर्च न्युनीकरण गर्न तर्फ सचेत रहने, बैंकको व्यवसाय अभिबृद्धि तथा शाखा संजाल बढाउदै लगि सिपयुक्त कर्मचारी भर्ना गर्ने, कर्मचारीहरुलाई आफ्नो कार्य क्षमता वृद्धि गरी स्तरीय सेवा प्रदान गर्न तालिमहरु उपलब्ध गराउने तथा बैंक प्रति आबद्ध तथा प्रतिबद्ध राख्न यथोचित निति अवलवन गर्ने ।

**६. संस्थागत सुशासन**

बैंकले नेपाल राष्ट्र बैंकद्वारा संस्थागत सुशासन सम्वन्धमा जारी गरेका एकीकृत निर्देशनहरुको पालना गर्नका साथै लेखापरीक्षण समितिद्वारा संस्थागत सुशासन पालना भए नभएको सम्वन्धमा आवश्यक लेखा जोखा गर्ने गरिएको/साथै समय समयमा नेपाल राष्ट्र बैंकद्वारा हुने स्थलगत निरिक्षण, आन्तरीक तथा वाह्य लेखापरीक्षकको प्रतिवेदनको आधारमा संस्थागत सुशासनलाई सुदृढ वनाउन बैंक संचालक समिति कटीवद्ध छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको सत्यताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

**मितिः २०८०/१०/०६**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बजेट कार्यान्वयनको परिपाटी सुधार

**सरकारले आफैं ल्याएको बजेट कार्यान्वयन गर्न नसक्ने रोग नयाँ होइन । हरेकजसो प्रधानमन्त्री अझ बजेट निर्माणदेखि कार्यान्वयनको प्रक्रियामा मुख्य जिम्मेवारी हुने अर्थमन्त्रीले बजेटको लक्ष्य पूरा गर्ने प्रतिबद्धता जनाउँछन् । महत्त्वाकांक्षी योजनासहितको बजेट ल्याउने तर कार्यान्वयन नगर्ने प्रवृत्ति कायमै छ । विगतमा राजनीतिक अस्थिरताका कारण बजेट कार्यान्वयनमा समस्या आएको बताइन्थ्यो । अझ समयमा बजेट नआउने हुँदा कार्यान्वयनमा समस्या हुने गरेको थियो । त्यसैले संविधानमै जेठ १५ गते बजेट पेस गर्नुपर्ने प्रावधान राखियो । सो व्यवस्थाअनुसार बजेट कार्यान्वयनमा आएको पनि वर्षौं बितिसक्यो तर समस्या हटेको छैन । चालु आवकै तथ्यांक हेर्दा पनि त्यो प्रस्ट हुन्छ ।**

**सरकारले बजेटलाई थप कार्यान्वयनमुखी बनाउने भन्दै फेरि अर्को कदम चालेको छ । संघीय संसद्मा विनियोजन विधेयक (वार्षिक बजेट) प्रस्तुत हुनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त तथा प्राथमिकता पेस गरिसक्नुपर्ने व्यवस्थासहित अध्यादेशमार्फत ऐन संशोधन गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले बिहीबार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गरेसँगै बजेटका सिद्धान्त तथा प्राथमिकता फागुन १५ गतेभित्रै संसद्मा पेस गर्न बाटो खुलेको छ । अध्यादेशमार्फत बजेटको सीमा (सिलिङ) तोक्ने साविकको समयसीमामा पनि संशोधन गरिएको छ ।**

**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा संशोधन गरी यो अध्यादेश ल्याइएको हो । उक्त ऐनको दफा ११ (१) मा प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिनअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण संघीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो । यो व्यवस्थालाई अध्यादेशबाट संशोधन गरी 'विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेस गरिनुपर्ने' व्यवस्था ल्याइएको अर्थ मन्त्रालयको भनाइ छ । संघीय सरकारले विनियोजन विधेयक जेठ १५ गते संसद्मा पेस गर्नुपर्ने कानुनी व्यवस्था छ ।**

**सरकारले गरेको पछिल्लो व्यवस्था कति प्रभावकारी बन्ला ? यसको नतिजा अर्को वर्षसम्म कुर्नैपर्ने हुन्छ । तर, यही व्यवस्थाले मात्रै पनि बजेट कार्यान्वयन प्रभावकारी होला भन्ने आशा गर्ने ठाउँ छैन । किनकि संविधानमै मिति तोकेर जेठ १५ मै बजेट संघीय संसद्मा पेस गरेको पनि धेरै वर्ष भइसक्यो । त्यसरी व्यवस्था नगर्दा र गर्दाको फरक परिणाम देख्न पाइएको छैन । त्यसकारण नयाँ व्यवस्था ऐन कानुनमा मात्रै होइन व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याउन जरुरी छ ।**

## मननयोग्य

### विदुर नीति

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे । महाभारतमा अनेकौं नीतिशास्त्रकारका नीतिहरू संकलित छन् । यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवानीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन् । महात्मा विदुरले धृतराष्ट्रलाई भनेको कुरा (उपदेश) अत्यन्तै मार्मिक र अनौठा छन् । विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्वहरूको विवेचना गरिएको छ ।

साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ । जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्मण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो ।

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए । विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए । उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे । उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास 'गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा बस्न उचित ठान्नुभयो । त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ । क्रमशः

# 'सरकार संसद्प्रति उत्तरदायी नबनेसम्म संसद्को भूमिका प्रभावकारी बन्दैन'

संघीय संसद्को तल्लो अंग प्रतिनिधिसभाका सभामुख **देवराज घिमिरे**ले व्यवस्थापिकाको नेतृत्व सम्हालेको एक वर्ष भयो । यस अवधिमा संसद्लाई प्रभावकारी बनाउन उनले खेलेको भूमिकालाई लिएर आ–आफ्ना पक्षबाट विश्लेषण र टीकाटिप्पणी भइरहेका छन् । यद्यपि, सभामुख घिमिरेले भने संसद्को भूमिकालाई प्रभावकारी बनाउन सरकार संसद्प्रति उत्तरदायी हुन आवश्यक रहेको बताएका छन् । उनले राज्यका कानुनमा लेखाजोखा गर्न पाउने कर्तव्य भएकाले कानुनी अभावमा नीतिगत रूपबाट नै संसद्ले ऐनकानुनद्वारा मार्गनिर्देशन गर्न सक्ने धारणा व्यक्त गरे । सभामुख घिमिरेले संसद्को नेतृत्व लिएको एक वर्ष अवधिमा भए गरेका संसदीय अभ्यास र समसामयिक विषयमा केन्द्रित रहेर उनीसँग *रासस*का प्रमुख समाचारदाता **उत्तम सिलवाल**, उपप्रमुख समाचारदाता **नारायण न्यौपाने** र समाचारदाता **कालिका खड्का**ले गरेको कुराकानीः



**देवराज घिमिरे**
सभामुख

**संसदीय अभ्यासको गत एक वर्षलाई यहाँले कसरी हेर्नुभएको छ ?**

निश्चय पनि नयाँ ढंगले केही गर्न र योगदान थप्न सकिन्छ भन्ने आत्मविश्वासका साथ मैले एक वर्षअघि यो पद ग्रहण गरेको थिएँ । उपलब्धि भयो, भएन वा कस्तो रह्यो, अरूले समीक्षा गर्ने विषय हुन् । आवश्यकताका हिसाबले जति गरेर जान सकिन्छ र गर्नुपर्छ भन्ने थियो, त्यो गर्न सकिएन कि भन्ने असन्तुष्टि रह्यो । संसद्का गतिविधि राष्ट्र, प्रणाली, व्यवस्था र जनहितमा बढी प्रभावकारी ढंगबाट लैजान आफ्ना ठाउँबाट काम गर्नुपर्छ र गर्न सकिन्छ भन्ने थियो, तर त्यसमा पनि सबै कुरा मिल्नुपर्ने र साथ, सहयोग पनि त्यत्तिकै हुनुपर्ने कारण जति गर्नुपर्थ्यो, त्यो गर्न सकिएन कि भन्ने लाग्छ । त्यसो त गर्न सकिएन भनी पश्चात्ताप गर्ने ठाउँ पनि छैन, सरदरमा ठिकै ढंगले गरेँ भन्ने लाग्छ ।

**सोचअनुरूप उद्देश्य प्राप्तिका लागि अघि बढ्ने सिलसिलामा के–कस्ता चुनौती र कठिनाइ रह्यो भन्ने लाग्छ यहाँलाई ?**

पहिलो कुरा, नेपालको संविधान जारी भइसकेपछि दोस्रो चुनावबाट अहिलेको संसद् बन्यो । संसद् नयाँ भएकाले संसदीय गतिविधि अघि लैजान नियमावली बनाउनुपर्नेभयो । यसमा सुरूमै संशोधन कि नयाँ बनाउने भन्नेमा लामो वादविवाद र छलफल भयो । छिटो नियमावली बनाएर कामलाई गति दिनुपर्नेमा सांसद विभाजित भएर छलफल हुँदा नियमावलीको काम समयमा पूरा गर्न चुनौती देखियो । अन्त्यमा नियमावली कस्तो बनाउने भन्नेमा पनि बुँदा-बुँदामा बहस गरिँदा धेरै समय लाग्न गयो । प्रणाली स्थापित गरेर अगाडि बढ्ने सिलसिलामा विभिन्न प्रयत्न गरियो, त्यसले पनि निकै समय लियो, यति धेरै छलफल आवश्यक थिएन । बनेको नियमावली पनि कार्यान्वयन गर्न भिन्न दृष्टिकोण र सोचाइलाई मिलाएर जान ठूलै रस्साकस्सी पर्‍यो । विभिन्न कारणले राम्रा गतिविधि सञ्चालन गर्न तथा आवश्यक कानुन बनाएर प्रदेश र पालिकालाई काम गर्ने वातावरण बनाएर जानुपर्नेमा त्यो समयमा नहुँदा संघीयताबारे नै प्रश्न उठ्न थाल्यो । संघीयता कार्यान्वयनसँग जोडिएका विधेयकमाथि गम्भीरताका साथ छलफल गरी टुंग्याउनुपर्नेमा त्यो हुन सकेन । प्राइभेट विधेयक ल्याउने अभ्यास हामीसँग कमै भएकाले अधिकांश विधेयक सरकारले ल्याउनुपर्नेमा त्यो भएन, अनि छलफल गराउन सकिएन । विधेयकमाथि बहस गर्नुपर्ने समयमा अनेक खाले विषयवस्तु उब्जिएपछि सदन अवरोध हुन पुग्यो । त्यस्ता विषयमा सरकारबाट समयमा जवाफ नआएपछि प्रतिपक्षबाट विरोध र अवरुद्ध हुने अवस्था सिर्जना भयो । त्यसमा मैले जबर्जस्ती सदन चलाउने र विधेयक पास, फेलमा जाने खाले कुरा गर्नुहुन्न भन्ने मान्यता राखेँ । प्रतिपक्षीको विरोधका कारण पत्ता लगाउन र समस्याको समाधान खोज्नका लागि सहमतिको वातावरण त्यसबीचमा खोजियो । सो क्रममा कहिले दलगत, कहिले इस्युका हिसाबले चुनौती आइनै रहे । लामो समयसम्म सदन अवरोध हुने स्थितिले विधेयक टुंग्याउने विषय पछाडि पर्‍यो ।

**यसबीचमा अरू चुनौती पनि सामना गर्नुपर्‍यो कि ?**

विधेयकमा दफावार छलफल नगरी सोझै संसद्बाट पारित गर्नु प्रजातान्त्रिक नहुने भएकाले प्रक्रिया पुर्‍याएर निष्कर्ष दिन समितिमा पठाउनुपर्ने बाध्यता भए पनि संसदीय समिति गठन हुनै धेरै समय लाग्यो । संसद्मा १३ राजनीतिक दलको प्रतिनिधित्व रहेकाले समितिमा सदस्यको नाम दिन र गठन गर्न समय लाग्यो । कहिले सर्वदलीय बैठक त कहिले सचेतकबाट लामो कोसिसपछि समिति गठन भयो तर सभापति छान्न फेरि धेरै समय लाग्यो । त्यसबीचमा समितिको नेतृत्व मतदान प्रक्रियाबाट छान्ने कुरा पनि नउठेको होइन तर दलीय प्रणालीमा दलबीच सहमति भएमा हार्दिकता भई सदन प्रभावकारी हुने र राष्ट्रिय आवश्यकता सम्बोधन हुने पक्षलाई ध्यान दिँदै समाधान खोज्ने प्रयासमा उत्तिकै समय बित्यो ।

समितिले नेतृत्व पाई काम सुरू गरेलगत्तै सदनको दोस्रो अधिवेशन पनि समाप्त हुने स्थिति आयो । यद्यपि त्यसबीचमा हतारहतारमा समितिका प्रतिवेदन सभामा लैजाने काम भयो । चाहना र आवश्यकताअनुसार विधेयक सदनमा लगेर पारित गर्न पर्थ्यो, त्यो लान सकिएन । लोकतान्त्रिक शासन पद्धति अपनाएका मुलुकमा संसद् अवरोध हुने विषय अनुचित होइन, जनता र राष्ट्रका इस्युमा समयभित्रै जवाफ दिने र समाधान खोज्ने निकायबाट काम नहुँदा यस्तो अवस्था आउन सक्छ । उठेका प्रश्नको जवाफ दिने, त्रुटि सच्याउने प्रतिबद्धता गर्ने, गल्ती हो भने सच्याउन सरकार जति गम्भीर हुनुपर्थ्यो, देखिएन । यसबीचमा प्रधानमन्त्रीका अभिव्यक्ति, विदेश भ्रमणलगायत सानै भए पनि सामूहिक रूपमा उठेका कुरालाई सम्बोधन नगरिँदा परिस्थिति भिन्न बन्न पुग्यो । सदन सञ्चालन गरी अघि बढ्ने सिलसिलामा बल्ल राजनीतिक सहमति भए पनि सरकार तयार नहुने, ऊ तयार भए दल तयार नहुने, साना र ठूला दल तथा नयाँ र पुराना भन्ने कुरा आएपछि फेरि अल्झिने र काम हुन पुग्यो । यी र यस्तै स-साना विषयबाट सदन प्रभावित हुँदा यसलाई प्रभावकारी र गतिशील बनाउन सकिएन कि भन्ने अनुभूति भएको छ ।

**मुलुकमा हिजो परिवर्तनका सहयात्री प्रमुख शक्ति प्राप्त उपलब्धिको रक्षाका लागि मिलेर जानुपर्नेमा एकार्काप्रति औंला ठड्याएको घटना धेरै देखियो, यो अवस्था किन भयोजस्तो लाग्छ ?**

प्रजातन्त्रको सबैभन्दा सजीव पक्ष भनेको प्रतिस्पर्धा नै हो । प्रतिस्पर्धा जति जिम्मेवार र हार्दिक हुनुपर्छ, त्यसमा अभाव छ । दायित्व निर्वाह गर्ने सन्दर्भमा भएका अवरोध र अनुचित तर्कलाई खण्डन गरेर जानुभन्दा एकार्कालाई अस्वथ ढंगबाट लिने, हेर्ने र त्यस दिशामा पोजिसन लिने अवस्थाले दायित्वभन्दा अन्यत्र गएको हो कि भन्ने लाग्छ ।

**सभामुखको नेतृत्वमा संसद् अघि बढिरहँदा अहिले भइरहेको राजनीति अभ्यास र सिद्धान्तबारे उठाइएका प्रश्नलाई कसरी लिन सकिन्छ ?**

मूलतः सरकार संसद्प्रति जवाफदेहीपूर्ण हुनु कर्तव्य नै हो, किनभने उसलाई त्यहाँ लैजाने माध्यम नै संसद् हो । प्रणाली, नीति, कार्यक्रम र जनताले पाउनुपर्ने सेवा प्रवाहका विषय सरकारले संसद्का माध्यमबाट लान सक्छ । यो कुराको अनुभूति सरकारले तुलनात्मक ढंगबाट नगरेको नै मलाई महसुस हुन्छ । साथ, सहयोग लिनेभन्दा एक्लै जाने, तानातान र विरोध गर्ने प्रवृत्ति देखियो । संसद् र सरकार एकार्काका पूरकमात्र होइन, राज्य सञ्चालन गर्ने महत्त्वपूर्ण अंग हुन् । यो आधार देखिने माध्यम भनेको प्रधानमन्त्रीसँग नियमित प्रश्नोत्तर कार्यक्रम हो । आफ्ना जनप्रतिनिधिमार्फत राज्यका विभिन्न क्षेत्रमा भइरहेका गतिविधि र राज्य सञ्चालनमा देखिएका समस्या र जनअपेक्षाका प्रश्नमा जवाफ दिन भनेर नियमित गर्न कोसिस गरिएको छ । यसबाट प्रधानमन्त्रीले संसद्लाई जवाफ दिने कुरालाई स्वाभाविक रूपमा सामना गर्नेगरी आउन जति सजिलोसँग तयार हुनुपर्ने थियो, त्यसमा पनि समस्या देखिन्छ ।

अनि आफूले बनाएको प्रधानमन्त्रीलाई स्वाभाविक रूपले प्रश्न गर्न सझदारीपूर्ण रूपमा जाने विषयमा पनि अनेक ढंगका समस्या देखिएको छ । दलीय कि अरू आधारमा भन्ने विषय अहिले भारीजस्तो भएको छ । एउटा नियमित प्रक्रियामा गइसकेपछि सरकारलाई संसद्का तर्फबाट देखिएका कुरा राख्ने र प्रस्ट हुने विषयले सन्देश प्रवाह गर्ने ठाउँ पाउँछ । त्यसबाट सरकारले गरिरहेका काम प्रधानमन्त्रीमार्फत भन्ने कुरामा मौका मिल्छ । सबै विषय छलफलका माध्यमद्वारा स्वाभाविकताबाट जानेतर्फ नै उन्मुख हुनुपर्छ । स्वाभाविक र सौहार्द्र ढंगबाट विचार, लक्ष्य प्राप्तिका बाटा र नीतिमा प्रतिस्पर्धा गर्दै संसद्को बहुमतले ल्याएको नीति कार्यान्वयन गर्ने जिम्मेवारी सरकारको हो भने त्यसमा आवश्यक सुझाव, निर्देशन, नियमन, नियन्त्रण र अवलोकन गर्ने कार्य संसद्को हो भन्ने बुझ्ने कुरामा अझै अभाव छ ।

**व्यवस्थापिकालाई कार्यपालिकाको साथ, सहयोग र समन्वय कस्तो पाउनुभएको छ ?**

यहाँ गम्भीर समस्या के देखियो भने व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका शक्तिपृथकीकरण, शक्ति सन्तुलन र काम गर्ने हिसाबले आ-आफ्ना ठाउँमा स्वायत्त छन् । देशमा सञ्चित कोषको स्थितिका आधारमा बजेटलाई व्यवस्थित गर्ने र स्वीकृत गरी अघि जाने कुरामा कस्तो पाइएको छ भने सरकारले अरूलाई खटाइदिने र त्यसका आधारमा अरू चल्नुपर्ने अवस्था छ । आर्थिक पक्षबाट नियन्त्रण गर्न अर्थ मन्त्रालयले निकालेर दिएमा काम गर्न पाउने, अन्यथा नपाउने अवस्था छ । यस बुझाइमा समस्या भएपछि अर्थमन्त्री, प्रधानमन्त्रीसँग छलफल गरी राज्यको अर्थतन्त्रलाई हेर्ने, विकास गर्ने अनि घाँटी हेरी हाड निल्ने विषय अमुक व्यक्ति र मन्त्रालयमा हुनुहुन्न । त्यसका लागि तीन निकाय जिम्मेवार हुन् भन्नमा मैले लडाइँ लड्नुपर्‍यो । राज्यको सञ्चित कोष कसरी खर्च गर्ने भन्ने सिद्धान्तमै स्पष्ट हुनु जरुरी छ । त्यसको रक्षक को हो, उपभोग गर्ने कसले केका माध्यमबाट गर्ने भन्ने पाटाहरू छन् । संसद् सबै पक्षबाट सहयोग पाएर प्रभावशाली हुनुपर्थ्यो । संसदीय गतिविधिमार्फत सबै क्षेत्रलाई प्रभावित पार्नुपर्थ्यो । त्यसमा समस्या देखिएका छन् ।

**संसद्को प्रभावकारिता बढाउन अब क्यालेन्डर बनाएरै जाने तयारी गरिएको भन्ने सुनिएको छ । अब सदन कसरी अगाडि बढ्छ ?**

संसद्लाई प्रभावकारी बनाउन संसद् भनेको के हो, संसदीय गतिविधिलाई अघि बढाउन चाहिने पक्ष केके हुन्, भइरहेका कानुन संशोधन गर्न अपनाइएका विधि र प्रक्रिया कति सही छ, राष्ट्रिय आवश्यकता के हो, ऐनकानुन बनाउने सन्दर्भमा अनुसन्धान केका आधारमा गर्ने, विधेयक सरकारले मात्रै लिएर आउने वा मन्त्रालयविशेषले बनाएर ल्याएकामा मात्र छलफल गर्ने भन्नेबारेमा निश्चित आधार हुनुपर्छ । यहाँको जनशक्तिलाई कसरी प्रेरित गर्ने र प्रभावकारी बनाउन सकिन्छ भन्ने सोच्नु जरुरी छ । खासगरी संसद् सचिवालयका सहयोगमा विभिन्न संरचनामार्फत चाहेको विषयवस्तुमा गहिरोसँग प्रमाणित चीजका आधारमा जान सक्ने कसरी बनाउने भन्ने समस्या छ । अर्को वार्षिक क्यालेन्डर अत्यन्त आवश्यक छ । अरू मुलुकमा सबै कामकारबाही र गतिविधि यसैका आधारमा चल्छ । बहस समय, सदन नियमित चलाउने दिन, विश्राम, अध्ययन-अनुसन्धान र निर्वाचन क्षेत्रमा जान क्यालेन्डर बनाएर काम गर्ने तालिका अधिकांश मुलुकमा छ । हाम्रो कुनै ठेगान छैन, सभामुखले कुन दिन बन्द, कुन दिन चल्छ भन्छन्, पर्खेर बस्नुपर्ने अवस्था छ । यस अवस्थालाई अब तुरुन्त अन्त्य गर्नुपर्छ ।

**प्रि–बजेट छलफललाई परिणाममुखी बनाउने सन्दर्भमा गएको संसद् अधिवेशनमा उठेका विषय र सम्बोधनका क्रममा सरकारबाट गरिएका प्रतिबद्धता यसपटक लागू होला भन्ने लाग्छ ?**

करिब दुई महिना नीति र सिद्धान्त तथा बजेटमाथि मसिनोसँग छलफल गरियो । दलीय र व्यक्तिगत रूपमा विभिन्न माननीयले बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा विस्तृत रूपमा छलफल गर्नुभयो तर अन्तिममा पारित गर्दा अल्पमत र बहुमत तथा हुन्छ र हुन्नका माध्यमबाट टुंग्याइयो । महिनौं दिनसम्म छलफलपछि पनि नीतिमा परिवर्तन नहुँदा छलफल किन भन्ने प्रश्न उठ्यो । सरकारका तर्फबाट प्रधानमन्त्री र अर्थमन्त्रीले औपचारिक मञ्चबाट अहिले तयारी पुगेन, आगामी दिनमा बजेटमाथि कसरी छलफल गर्ने भन्ने ध्यान राख्छौं भनी जवाफ दिइयो । सांसदका सुझावलाई ध्यान दिइएको, टिपोट गरेका छौं भन्दै पारित गरियो । प्रधानमन्त्रीले आउँदा दिनमा बजेटमा पहिले छलफल गरौं, वस्तुगत आधारमा तयारी गरौं भन्नुभएको छ । अब हिउँदे अधिवेशन सुरू गर्नुपर्ने भइसक्यो । प्रि-बजेट छलफल कसरी गर्ने भन्ने यकीन भएको छैन । कसरी छलफल गर्ने भन्ने मुख्य विषयमा योजना र सोच सरकारका तर्फबाट आओस् । सदनमा कसरी छलफल गराउने भन्ने विषयमा हामीले पनि योजना र क्यालेन्डरमा राख्नुपर्ने हुन्छ । यसमा प्रधानमन्त्री, संसदीय मामिलासम्बन्धी मन्त्रीलगायत सरोकार पक्षसँग धेरै पटक कुरा गरेको छु, ठोस कुरा आइसकेको छैन । बजेटको नीति र सिद्धान्तमाथि यही हिउँदे अधिवेशनमा सिलिङसहित छलफल गर्ने भन्ने अनौपचारिक जानकारी प्राप्त छ । संसद्लाई प्रभावकारी बनाउनका लागि कुनै संयन्त्र हुनुपर्‍यो । बजेटका हरेक विषयमा अध्ययन गर्नुपर्‍यो तर त्यसतर्फ ध्यान तान्न सकिरहेका छैनौं ।

**आवधिक निर्वाचन सकिएको भर्खर एक वर्ष भएको छ, नेताहरू भने मिसन २०८४ भन्न थाल्नुभएको छ । यसले के संकेत गर्छ, के सन्देश दिन्छ ?**

यो सैद्धान्तिक पक्ष हो । पाँचवर्षे अवधिका लागि जनताले मतादेश दिएका छन् । पाँच वर्षपछि आफ्ना सोच, विचार, योजना प्रभावकारी पार्छु भने पनि बाँकी चार वर्ष त पर्खनैपर्‍यो । संसद्मा खेल्ने भूमिकाले नै निर्वाचनमा नै प्रभाव पर्ने हो । सत्तामा हुनेले पनि त्यो समय पर्खनैपर्‍यो । सरकारमा रहेर राष्ट्र, जनता, प्रणालीका हितमा यो यो काम गरेँ भने पनि त्यस बेलासम्म पर्खनैपर्‍यो । प्रतिपक्षले पनि आफूले त्यो गर्न नपाए पनि यस विषयमा यस्तो टिप्पणी, सुझाव राखेँ, तर निर्णायक हुन सकिन, त्यसकारण आउने दिनमा आफूलाई मतदान गर्नुपर्‍यो भनी जनतालाई पर्खनैपर्‍यो । यो सिद्धान्त र आवधिक निर्वाचनसँग गाँसिएका कुरा हुन् । यसबारे प्रतिपक्षले भन्नु स्वाभाविक नै हो ।

**सभामुखको स्वतन्त्र र सन्तुलित जिम्मेवारीसँगै बेलाबखत उनको भूमिकाप्रति उठाइएको प्रश्न र आक्षेपलाई कसरी हेर्नुहुन्छ ?**

पहिले यहाँ बसेर गर्नुपर्ने कर्तव्य के हो भन्ने बुझ्नुपर्‍यो । कर्तव्यअनुरूप नै काम गरेको छ भने त्यस ढंगले हेर्नु गलत हो । कर्तव्यभन्दा फरक ढंगले काम गरेको छ भने विगत, वर्तमान र भविष्यमा भए पनि त्यो बेठीक हो । यो कुर्सीले गर्ने भनेको पक्षपात होइन, सही जे हो त्यो काम नै गर्नुपर्छ । उसले विगत, वर्तमान र भविष्यमा पनि सीमाभित्र बसेर काम गर्नुपर्छ । सभामुख के गर्दै छ भन्ने होइन, उसलाई कसरी हेर्नुपर्छ भन्ने परिपाटी छ । त्यो परिपाटी वस्तुवादी होइन, त्यसबाट हेरिँदा ठीक ढंगले काममा प्रेरणा र उत्साह पाउन गाह्रो हुन्छ । त्यसकारण के गर्दैछ, के गर्‍यो भनेर प्रत्येक घटना र इस्युमा हेर्ने र विश्लेषण गर्नुपर्ने खाँचो छ ।

# पाँचथर अस्पताल : दरबन्दी र जनशक्तिविनै स्तरोन्नति

**पाँचथर–** पूर्वी पहाडका तीन जिल्लाका सेवाग्राहीलाई सेवा दिने जिल्ला अस्पताल पाँचथरको स्तरोन्नति गरिएको डेढ वर्ष बितिसक्दा पनि कर्मचारीको दरबन्दी स्वीकृत हुन सकेको छैन । भएका दरबन्दीमा आधाभन्दा बढी पद रिक्त छन् ।

कोशी प्रदेश सरकारले यस जिल्ला अस्पताललाई २०७९ भदौ २८ गते ५० शयचामा स्तरोन्नति गर्ने निर्णय गरेको थियो। पाँचथरसँगै जिल्ला अस्पताल तेह्रथुमकोसमेत स्तरोन्नति गर्ने प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरेको थियो । तर स्तरोन्नतिअनुसार आवश्यक जनशक्तिको दरबन्दी प्रदेश सरकारले अहिलेसम्म स्वीकृत गर्न सकेको छैन । विगतमा १५ शयचामा सञ्चालित अस्पतालको स्वीकृत ३२ जना जनशक्तिको दरबन्दीमा अहिले १७ जना कर्मचारीको पद रिक्त रहेको छ ।

जिल्ला अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. बुद्धिबहादुर थापाका अनुसार प्रशासनिक संरचना बदलिँदा प्रदेश सरकार मातहत सञ्चालनमा रहेको अस्पतालका लागि आवश्यक जनशक्ति नहुँदा सेवा प्रवाह गुणस्तरीय बन्न सकेको छैन । वि.सं. २०४५ मा स्थापित जिल्ला अस्पतालमा ०६९ मा संशोधित व्यवस्थाअनुसार ३२ जना स्वास्थ्यकर्मी तथा कर्मचारीको दरबन्दी छ । जसमध्ये हाल १७ पद रिक्त छ । तर अस्पतालले दरबन्दी करारमा १४ जना, प्रदेश करारमा १० जना, छात्रवृत्ति करारमा छ जना, कार्यक्रम करारमा १० जना, स्वास्थ्यकर्मी करारमा तीनजना र अस्पताल विकास समिति करारमा ३१ जना कर्मचारी नियुक्त गरी ५० शयचाको सेवा दिँदै आएको छ ।

स्तरोन्नतिअनुसार दरबन्दी र जनशक्ति नहुँदा गुणस्तरीय सेवा प्रवाह गर्न कठिनाइ भएको मेडिकल सुपरिटेन्डेन्ट डा. थापाको भनाइ छ। दरबन्दी सिर्जनाका लागि प्रदेश सरकारले संगठन तथा व्यवस्थापन सर्वेक्षण नै गर्न सकेको छैन । कोशी प्रदेश सरकारले मातहतका निकायहरूका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य नै नथालेको स्वास्थ्यकर्मी बताउँछन् ।

जनशक्ति अभावकै कारण विशेषज्ञ सेवा सञ्चालन, उपलब्ध भएका भेन्टिलेटर र सघन उपचार कक्ष (आइसियू)को सञ्चालनसमेत हुन नसकेको डा. थापाले जानकारी दिए । पाँचथरसहित छिमेकका तेह्रथुम र ताप्लेजुङका सेवाग्राहीलाई नियमित सेवा दिइरहेको जिल्ला अस्पतालको स्तरोन्नति र जनशक्ति व्यवस्थापनका यहाँका सरोकारवालाले निरन्तर पहल गरे पनि सार्थक हुन सकेको छैन ।

गत आर्थिक वर्ष २०७९/८० मा यस अस्पतालमा आएका सेवाग्राहीको तथ्यांकले पनि यस अस्पतालको सुधार अपरिहार्य रहेको देखाउँछ। गत आवमा आकस्मिक सेवाबाट २९ हजार ९४२ जना, बहिरंग सेवाबाट ७२ हजार १९५ जना, अन्तरंग सेवाबाट तीन हजार ३१० जना, आमा सुरक्षा कार्यक्रम सेवाबाट एक हजार १२१ जना लाभान्वित भएको अस्पतालको तथ्यांक छ ।

यस्तै सुरक्षित गर्भपतन सेवाबाट ६८६ जना, नवजात शिशु विशेष उपचार सेवाबाट ५८ जना, शल्यक्रिया सेवाबाट दुई हजार १७ जना, रेडियोलोजी सेवाबाट २१ हजार ६६५ जना, ल्याब सेवाबाट १८ हजार ४२ जना, एकद्वार संकट व्यवस्थापन केन्द्र सेवाबाट ५५ जना, सामाजिक सेवा एकाइबाट एक हजार ६७० जना, मेडिको लिगल सेवाबाट २३४ जना, हेमोडायलाइसिस सेवाबाट चार जना सेवाग्राही लाभान्वित भएका छन् ।

गत वैशाखदेखि सञ्चालनमा आएको अस्पतालको नयाँ भवन सेवा प्रवाहमा भौतिक क्षेत्रमा भने केही सहज बनाएको मेडिकल सुपरिटेन्डेन्ट डा.थापाको भनाइ छ। संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बजेट तथा सहरी विकास तथा भवन निर्माण विभागबाट ५० शयचा सञ्चालनका लागि २१ करोड ३४ लाख एक हजार ९८२ रूपैयाँको लागतमा नयाँ भवन निर्माण भएको हो। २०७४ कात्तिक १६ गतेदेखि निर्माण सुरु भएको भवन गत वर्षको चैत २२ गते अस्पताल विकास समितिलाई हस्तान्तरण गरिएको थियो ।

सेवा प्रवाहको क्षेत्र ठूलो रहेको अस्पतालमा दरबन्दी र जनशक्ति अभाव, कर्मचारी आवासको उपयुक्त व्यवस्था नहुनु, समयसापेक्ष तालिमको अभाव, अस्पतालको घेराबारा हुन नसक्नु, अस्पतालमा पर्याप्त एम्बुलेन्स अभावजस्ता समस्या रहेको मेडिकल सुपरिटेण्डेण्ट डा. थापाले बताए । *रासस*

# सामुदायिक वनमा 'रिचार्ज पोखरी' निर्माण र मूल संरक्षण गरिँदै



**ढोरपाटन (बागलुङ)–** गण्डकी प्रदेशले बागलुङ नगरपालिकाको उच्च पहाडी भेगमा 'रिचार्ज पोखरी' निर्माण र पानीको मुहान संरक्षण गर्ने भएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमार्फत 'रिचार्ज पोखरी' र पानीको मुहान संरक्षण गर्न थालिएको हो ।

सुरुमा बागलुङ नगरपालिका-११ रायडाँडा हलहले क्षेत्रमा रहेको पानीको मुहान संरक्षण गरिने भएको छ । यस क्षेत्रमा खानेपानीको अभाव हुँदा घण्टौं टाढाबाट पानी लिएर उपभोग गर्नुपरेको स्थानीय रणबहादुर थापाले बताए ।

हलहले क्षेत्र नजिकै बौद्ध गुम्बा रहेको र त्यहाँ पर्यटक आउँदा पिउनका लागि पानी अभाव रहेको भन्दै स्थानीयले करिब दुई घण्टा टाढाबाट गाग्रीमा पानी बोकेर उपभोग गर्दै आएको थापा बताउँछन्। नजिकै रहेको पानीको मुहान सुक्दै गएपछि टाढा रहेको कुवाबाट पानी बोकेर ल्याउनुपरेको उनको भनाइ छ । गुम्बा आउने पर्यटक र स्थानीयलाई पिउने पानीको व्यवस्थापन गर्नका लागि एक जना कामदार राखेको उनले बताए ।

'यो क्षेत्रमा पहिलेदेखि नै खानेपानीको अभाव थियो, अहिले पनि हलहल क्षेत्रमा बढी समस्या छ, यहाँ बौद्ध गुम्बा छ, पर्यटक आउँदा पानी पिउन दिन नसकिने अवस्था छ, अहिले गुम्बा क्षेत्रका स्थानीय आकाशे पानीको भरमा छन्, पिउनका लाग एक घण्टा टाढा कुवाबाट गाग्रीमा ल्याउनुपर्छ,' थापाले भने, 'दिनभरि पानी बोक्नका लागि एक जना मान्छे राखेका छौं, सरकारले मुहान संरक्षण गरेर नजिकै पानी ल्याउने योजना बनाएको छ, मुहान संरक्षित भयो भने धेरै सहज हुने छ ।'

प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको पाँच लाख रूपैयाँले यहाँ पानीको मुहान संरक्षणसँगै विभिन्न ठाउँमा 'रिचार्ज पोखरी' निर्माण गर्ने स्थानीयसमेत रहेका गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले बताए । यस वर्ष जैमिनी नगरपालिका-३ को दमेक, काठेखोला गाउँपालिका-७ रेश, बागलुङ नगरपालिका-११ रायडाँडा र वडा नम्बर ९ को तित्याङ, वडा नम्बर ८ को सिगाना र वडा नम्बर १० को भकुण्डेका सामुदायिक वनलाई रिचार्ज हुने गरी चारवटा 'रिचार्ज पोखरी' निर्माण गर्ने मन्त्री थापाले जानकारी दिए ।

समुद्री सतहदेखि करिब दुई हजार २०० मिटर उचाइमा रहेको हलहल क्षेत्रमा पानीको मुहान संरक्षण गर्नका लागि अध्ययन गरेको मन्त्री थापाको भनाइ छ । पछिल्लो समय वन जंगलमा पानीको मुहान सुक्दै गएपछि धेरै ठाउँमा खानेपानीको हाहाकार हुने र जंगलका बोटबिरुवा मर्ने समस्या देखिएको उनले बताए। वन संरक्षण गर्ने नीतिअनुसार यस वर्ष प्रदेश सरकारले ११ वटै जिल्लामा 'रिचार्ज पोखरी' निर्माण गर्नका लागि बजेट व्यवस्थापन गरेको उनको भनाइ छ ।

मन्त्री थापाले भने, 'वन, जंगल संरक्षण गर्ने दायित्व हाम्रो हो, पानीको मुहान सक्दै जाँदा अहिले धेरै ठाउँमा खानेपानीको समस्या बढ्दै गएको छ, वन जंगलमा वन्यजन्तुले पानी पिउन नपाउँदा गाउँ झर्न थालेका छन्, त्यसले गर्दा जंगलको बीच-बीचमा 'रिचार्ज पोखरी' निर्माण गर्दा वन्यजन्तुले प्रसस्त पानी पिउन पाउँछन्, पानीका मुहान संरक्षण हुन्छन् र जंगलको संरक्षण पनि हुन्छ ।' *रासस*


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/१०/०७**

यस कम्पनीको मिति २०८०/०९/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रस्तुती ओरियन्टेसन प्रा.लि./Prastuti Orientation Pvt. Ltd.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **रिकनेक्ट एजुकेशन कन्सल्टेन्सी प्रा.लि./Reconnect Education Consultancy Pvt. Ltd.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०९/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **रिकनेक्ट एजुकेशन कन्सल्टेन्सी प्रा.लि./Reconnect Education Consultancy Pvt. Ltd.** (प्रा.लि.नं.१६६५९८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/१०/०७**

यस कम्पनीको मिति २०७९/०३/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गल्फ सेक्युरिटी प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **दियालो फोर्स सेक्युरिटी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०७९/०३/०३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दियालो फोर्स सेक्युरिटी प्रा.लि**. (प्रा.लि.नं.६०६५५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/०७ गते)

असार मान राईको नातिनी, पृथसिं राईको छोरी केशर सिङ राईको पत्नी जिल्ला पाँचथर, च्याङथापु वडा नं. ०७, पाँचथर (साविक याङवरक गाउँपालिका वडा नं ०१) बस्ने रेनु राई भन्ने मनुराईको मिति २०७९/०७/०५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको इमाडोल शाखामा रहेको बचत खाता नं.११५०१०७०६०७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय इमाडोलमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय इमाडोल, ललितपुर फोन नं. ५२०२१५७/५२०२१७७


## RELIANCE FINANCE LIMITED
## रिलायन्स फाइनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**Head Office:**
Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

### Unaudited Financial Result(Quarterly)Second Quarter End of Fiscal Year 2080/081

(NRs. 000)

#### Statement of Financial Position As on Quarter Ended 29th Poush 2080

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 270,989 | 415,866 |
| Due from Nepal Rastra Bank | 286,275 | 242,269 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Loan and advances to B/FIs | 381,135 | 436,259 |
| Loans and advances to customers | 5,225,863 | 5,191,588 |
| Investment securities | 2,004,430 | 2,006,787 |
| Current tax assets | 27,588 | 28,887 |
| Investment in subsidiaries | - | - |
| Investment in associates | - | - |
| Investment property | 133,970 | 24,571 |
| Property and equipment | 328,347 | 332,187 |
| Goodwill and Intangible assets | 1,292 | 1,748 |
| Deferred tax assets | 3,225 | 1,951 |
| Other assets | 39,340 | 34,848 |
| **Total Assets** | **8,702,455** | **8,716,960** |
| **Liabilities** | | |
| Due to Bank and Financial Instituions | 490,497 | 187,459 |
| Due to Nepal Rastra Bank | 279,476 | 177,826 |
| Derivative financial instruments | - | - |
| Deposits from customers | 6,654,380 | 6,659,828 |
| Borrowing | - | 370,000 |
| Current Tax Liabilities | | |
| Provisions | - | - |
| Deferred tax liabilities | - | - |
| Other liabilities | 177,952 | 164,208 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **7,602,306** | **7,559,321** |
| **Equity** | | |
| Share capital | 1,121,452 | 1,121,452 |
| Share premium | 1,141 | 1,141 |
| Retained earnings | (312,811) | (162,066) |
| Reserves | 290,368 | 197,113 |
| **Total equity attributable to equity holders** | **1,100,150** | **1,157,639** |
| Non-controlling interest | - | - |
| **Total equity** | **1,100,150** | **1,157,639** |
| **Total Liabilities and equity** | **8,702,455** | **8,716,960** |

#### Condensed Statement of Profit or Loss As on Quarter Ended 29th Poush 2080

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Interest income | 206,155 | 442,054 | 248,430 | 472,259 |
| Interest expenses | 170,850 | 356,248 | 195,292 | 385,691 |
| **Net interest income** | **35,305** | **85,805** | **53,139** | **86,567** |
| Fee and commission income | 9,713 | 16,474 | 6,917 | 15,473 |
| Fee and commission expenses | - | - | - | - |
| **Net fee and commission income** | **9,713** | **16,474** | **6,917** | **15,473** |
| **Net interest, fee and commission income** | **45,018** | **102,280** | **60,055** | **102,040** |
| Net trading income | - | - | - | - |
| Other operating income | 1,492 | 3,608 | 700 | 1,849 |
| **Total operating income** | **46,510** | **105,888** | **60,755** | **103,890** |
| Impairment charge/(reversal) for loans and other losses | 137,638 | 59,596 | 14,772 | 49,952 |
| **Net operating income** | **(91,128)** | **46,292** | **45,984** | **53,938** |
| **Operating expenses** | **-** | **-** | **-** | **-** |
| Personnel expenses | 19,224 | 56,563 | 22,133 | 50,497 |
| Other operating expenses | 17,420 | 36,778 | 16,473 | 35,251 |
| Depreciation & Amortisation | 4,054 | 7,715 | 3,336 | 6,686 |
| **Operating Profit** | **(131,826)** | **(54,765)** | **4,042** | **(38,496)** |
| Non operating income | - | - | - | - |
| Non operating expenses | - | - | - | - |
| **Profit before income tax** | **(131,826)** | **(54,765)** | **4,042** | **(38,496)** |
| Income tax expenses | - | - | - | - |
| Current Tax | - | - | - | - |
| Deferred Tax | - | - | - | - |
| **Profit for the period** | **(131,826)** | **(54,765)** | **4,042** | **(38,496)** |

#### Condensed Statement of comprehensive income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Profit for the year | (131,826) | (54,765) | 4,042 | (38,496) |
| Other comprehensive income | 9,257 | (4,705) | 9,774 | (48,869) |
| **Total comprehensive income for the period** | **(122,569)** | **(59,470)** | **13,816** | **(87,365)** |
| Basic earnings per share(Annualized) | | (9.77) | | (7.31) |
| Diluted earnings per share | | | | |
| **Profit attributable to:** | | | | |
| Equity-Holders of the Bank | (131,826) | (54,765) | 4,042 | (38,496) |
| Non-Controlling Interest | | | | |
| **Total** | **(131,826)** | **(54,765)** | **4,042** | **(38,496)** |

#### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 13.21% | | 17.62% |
| Non-Performing Loan (NPL) to Total Loan | | 9.67% | | 4.89% |
| Total Loan Loss Provision to Total NPL | | 70.53% | | 68.92% |
| Cost of Funds | | 9.27% | | 10.63% |
| Credit to Deposit Ratio | | 79.45% | | 84.00% |
| Base Rate | | 12.49% | | 13.50% |
| Interest Rate Spread | | 4.59% | | 4.78% |

#### Statement of Distributable Profit or Loss

| Particulars | Current Year |
|---|---|
| Net profit or (loss)as per statement of profit or loss | (54,765) |
| Appropriations: | - |
| a. General reserve | - |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | - |
| e. Employee' training fund | - |
| F. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **(54,765)** |
| Regulatory adjustment: | |
| Transfer to regulatory reserve | |
| Transfer from regulatory reserve | (96,239) |
| **Net profit/(loss) for the quarter ended on Poush 2080 available for distribution** | **(151,004)** |
| Opening Retained Earnings on Shrawan 1 2080 | (162,066) |
| Adjustments | 259 |
| Distribution | |
| **Total Distributable Profit/(Loss) as on Poush end 2080** | **(312,811)** |

**Notes:**
1. The above figures are subject to review/change from regulator and/or external audit.
2. Above Financial are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) as per NRB Directive.
3. The figures of previous periods have been regrouped/rearranged whenever necessary.
4. If the stautory and supervising authority notifies to change the unaudited Financial statement may change accordingly.
5. Loan loss provision and interest income are adjusted availing the facilities of NRB circular.
6. Interim financial statements have been pulished in website.
7. Certain parts of NFRS will be compiled on preparation of annual financial statements.

### Annexure 14 of Securities Registration and IssueRegulations, 2073 (Related to sub rule (1) of Rule 26) For the Second Quarter of F.Y.2080/81)

**1. Financial Statements Highlights**

i. Financial detail at the end of second quarter ending 29/09/2080 of the financial year 2080/81 has been shown above.

ii. Major Financial Indicators

| | | | |
|---|---|---|---|
| Earnings per share (Annualized) | NPR.(9.77) | Market Value Per Share | NPR 379 |
| Price Earnings Ratio | (38.81) | Net Worth Per Share | NPR 98.10 |
| Total Assets/No. of share | 776.00 | Liquidity Ratio | 31.76 |

**2. Management Analysis**

a. **Details relating to the change in the FI's reverse income and liquidity in the quarter (if any) and its main reason.** There has been change in the FI's reserve position, income and liquidity as stated in the financial highlight of in this quarter ending of FY 2080-81.There have been changes in the reserve position of the FI based on the profit/loss generated during the reported period. The FI continues to maintain comfortable liquidity position.

b. **Management's analytical details regarding future business plan:** FI's seeks to achieve sustainable growth in business and profitability as per its strategic management plan.

c. **Analytical details of the incidents that may have major impact on reserve, profit or cash flow (if any) based on previous experience:** There have been no incidents or conditions which may have impact on the FI's position, profits and cash flow.

**3. Legal Proceedings**

a. **Case filed by or against the FI in this quarter:** Except in the regular course of business, there is no law suits filed against the FI in this quarter.

b. **Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the promoter or Director of the FI:** No such information has been received.

c. **Case relating to commission of financial crime filed against any promoter or Director of the FI:** No such information has been received.

**4. Analysis of Stock Performance**

a. **Management view on the transaction of the shares to the FI in the Share Market:** Movements in the share price are determined by the open market principal. Hence, management has neutral opinion regarding the share price movement.

b. **Maximum, minimum and last share price of organized institution including total transacted number of share and transacted day during the quarter. (As per Nepalstock.com)**

| | | | |
|---|---|---|---|
| Maximum share price | NPR 385 | Minimum share price | NPR 292 |
| Closing share price | NPR 379 | Total no. of transactions | 6,103 |
| No. of days of transaction | 49 | Total traded no. of share | 14,37,682 |

**5. Problem and Challenges**

**Internal Problems and Challenges:** Increasing operational risk due to increase in branch network and transactions, increasing operational cost, turnover of staffs are the major internal problems and challenges faced by the FI.

**External Problems and Challenges:** High competition in the BFI's industry, volatile interest rate on deposit, lack of favorable environment for the investment are the major external problems and challenges faced by the FI.

**Strategy to overcome the problems and challenges:** Expanding business activities with caution observing the changes in internal and external environment, effective risk management, monitoring and controlling on operational risk, market risk and interest rate risk, focus on development of staffs by training, counseling and monitoring them, innovative product for expanding customer base.

**6. Corporate Governance**

Board of Directors, Audit Committee and Management team are committed to strengthening good corporate governance within the FI. Reliance Finance Ltd has written policies, rules and guidelines to perform banking with good governance.

**7. CEO's declaration regarding truth and fairness**

I am responsible for the truth and fairness of the information and statements in this report till date. Besides, I declare that, to the extent of my knowledge, the statements are true and fair and any information necessary for investors to decisions has not been suppressed.

# प्रभाव दैनिक

रूपशाला


### टेलिशृंखला 'डिङ्नो' निर्माण घोषणा

नयाँ टेलिश्रृंखला 'डिङ्नो' निर्माण घोषणा गरिएको छ । शुक्रबार विश्वज्योती सिनेप्लेक्समा एक कार्यक्रमकाबिच निर्माण घोषणा गरिएको हो । टेलिश्रृंखला सामाजिक परिवेशलाई जीवन्त उतार्दै फरक स्वादमा फरक भूगोलमा छायांकन गरिने जानकारी कार्यक्रममा गराइयो । लुम्बिनी प्रदेशको दाङ र आसपासको ग्रामीण परिवेशको प्रतिनिधित्व गरेको कथाले समग्र देशका कुना कन्दरा र विदेशसम्मका भोगाई छुने प्रयास गरिएको टेलिश्रृंखलाका निर्देशक विष्णु बुढाथोकीले जानकारी दिए । टेलिश्रृंखला डिङ्नो प्रत्येक सोमबार हिमालय टेलिभिजनमा ८ देखि ९ बजेसम्म प्रसारण हुनेछ । डिङ्नो यहि माघ १५ गतेबाट प्रसारण हुने बताइएको छ ।





# सम्झनामा गायक वैद्य

■ भेषराज कार्की



**काठमाडौं–** 'सपना भुलाइ सारा' गीतका गायक योगेश वैद्य अब सम्झनामा सीमित भएका छन् । शिव अधिकारीको शब्द र नातिकाजीको संगीत रहेको उक्त गीत उनको कालजयी विसं २०४२ मा रेकर्ड भएको थियो ।

संगीतकर्मीले उनलाई अन्तिम श्रद्धाञ्जलि दिँदै 'सपना भुलाइ सारा' गीत गाउँदै बिदाइ गरे । उनको बिदाइमा उपस्थित अधिकांशका आँखा रसाएका थिए । कालजयी गीत गाएका गायक वैद्यको बिदाइ कसैका लागि सहज थिएन । उनी गायकसँगै कवि पनि थिए । वैद्यको निधनले सांगीतिक र साहित्य क्षेत्रमा अपूरणनीय क्षति पुगेको श्रद्धाञ्जलि दिनेको भनाइ थियो ।

बाल्यकालमा आमाबाट नेवारी भाषाको सरस्वती बन्दना सुन्दै हुर्किएका गायक वैद्य त्यही समयमा गीत संगीतप्रति आकर्षित भए । त्यसपछि बुबाले एक दिन घरमा रेडियो ल्याएपछि उनको संगीतसँगको नाता झनै झाँगियो । उक्त रेडियोमा उनले नेपालीसँगै हिन्दी गीतहरूलाई सुन्ने र बुझ्ने मौका पाए । उनले रेडियो नेपालमा दिएको एक अन्तर्वार्तामा रेडियोलाई साथीका रूपमा चित्रण गरेका छन् । विसं २०१४ मा चीनका प्रधानमन्त्री चाउ एन लाइ नेपाल भ्रमणमा आएका बेला शान्ति निकुञ्ज सहविद्यालय पुगेका थिए । त्यहाँ आयोजित सांस्कृतिक कार्यक्रममा गायक वैद्यले गीत गाए । विभिन्न सांगीतिक कार्यक्रममा सहभागी हुँदै गीतसंगीतसँग नजिकिँदै गएका गायक वैद्यले रेडियो नेपालमा किरण खरेलको शब्द र नातिकाजीको संगीतमा पहिलो गीत 'कति प्यासी छ जिन्दगी...' रेकर्ड गरेका थिए ।

उनलाई चिनाउने गीत 'सपना भुलाइ सारा' बनेको गायक तथा संगीतकार टीका भण्डारीले बताए । वैद्यले आफूलाई सुहाउने भन्दै संगीतकार नातिकाजीसँग उक्त गीत मागेको उनले जानकारी दिए ।

'एक दिन गायक वैद्य नातिकाजीको कोठामा पुग्नु भएछ । त्यहाँ टेबलमा पहिलोपटक उक्त गीत देख्नुभयो । त्यसपछि उहाँले मलाई यो गीत मन पर्‍यो नातिदाइ, म गाउँछु भन्नुभएछ । त्यसपछि उहाँले स्टुडियोमा अभ्यास गरेर गीत गाउनुभएको हो', गायक भण्डारीले भने । उनले गायक वैद्यले व्यावसायिक रूपमा गीत गएको सम्झना नभएकोसमेत बताए ।

'उहाँले गीत गाएर पैसा लिएको सम्झना छैन । उहाँले श्रोताको मन छुने गीतमार्फत आफूलाई प्रस्तुत गर्नुभयो । उहाँको अभाव नेपाली संगीतमा रहिरहनेछ । म रेडियो नेपालमा कार्यरत रहँदा उहाँसँग काम गर्न पाएको थिएँ । उहाँको गीतमा वाद्यवादन पनि गरेको छु', गायक भण्डारीले भने, 'वैद्य गीत र शब्द चिन्न सक्ने गायक हुनुहुन्थ्यो । उहाँ धेरै गीत गाउने गायक होइन । थोरै गीतलाई पाँचदेखि छ महिनासम्म अभ्यास गरेर गाउने गर्नुहुन्थ्यो ।'

गायक तथा संगीतकार शम्भुजित बाँस्कोटाले गायक वैद्य मखमली आवाजका धनी रहेको बताए । 'उहाँसँगको सामीप्यतालाई भन्ने शब्द छैन । तीन दिनअगाडि मात्र कुराकानी भएको थियो । उहाँले मेरो संगीतमा पार्श्व गायन पनि गर्नुभएको छ', उनले भने, 'वैद्यले सधैं भारतीय गायकजस्तो नेपाली गायकगायिका बन्नुपर्नेमा जोड दिने गर्नुहुन्थ्यो । उहाँ सुगम संगीतका लागि संरक्षक हुनुहुन्थ्यो । उहाँले समय-समयमा दिएका अभिव्यक्ति, गाउनुभएका गीत, गीतसंगीत गर्ने तरिका सबै गहन हुन्थ्यो । उहाँ अत्यन्तै गहन व्यक्तित्व हुनुहुन्थ्यो ।' संगीतकार बाँस्कोटाले गायक वैद्यको विदाइ सहज नभएको प्रतिक्रिया दिँदै उनले छाडेर गाएका गीतसंगीत र कृतिहरू रहिरहने बताए ।

उनको आवाजको प्रभावमा आफूलाई काठमाडौंसम्म ल्याएको संगीतकार तथा गायक चेतन सापकोटाले बताए । 'उहाँको आवाजको जादुले कलामा लाग्न प्रेरित गर्ने धेरै युवा छन् । उहाँको गीतसंगीतलाई मैले शब्दमा व्यक्त गर्न सक्दिनँ । उहाँलगायत अग्रज सर्जकको आवाजले रेडियो नेपाललाई थप उचाइमा पुर्‍याएको भन्छु म,' उनले भने, 'म वैद्यको आवाजले संगीतमा भविष्य खोज्दै एघार वर्षको उमेरमा सिन्धुपाल्चोकदेखि काठमाडौं आएको थिएँ । त्यो समयमा सोचविचार केही थिएन । योगेश दाइ झैं उक्त समयका अन्य गायकको आवाजमा आफ्नो आवाज राख्दै गीतसंगीत सुरु गरेको हुँ ।'

नयाँ पुस्ताका उदीयमान गायक कर्णराज गिरीले उनको गीत महोत्सवमा गएको स्मरण गरे । 'उहाँसँग मेरो प्रत्यक्ष भेटघाट कमै रह्यो । त्यस्तो धेरै नजिक पनि होइन तर उहाँको गीतले हामी जस्तालाई गायक बन्ने सपना देखाउनाका साथै चिनाएको पनि छ', उनले भने, 'आफ्नै परिचय नहुँदा उहाँकै गीत गाएर मेला महोत्सवमा परिचय बनाएको हुँ । उहाँको गायन प्रभावले मलाई गायनमा लाग्न प्रत्यक्ष रूपमा सहयोग गरेको छ ।'

राष्ट्रिय गीत सम्मेलनमा प्रथम तथा छिन्नलता गीत पुरस्कार, विख्यात त्रिशक्तिपट्ट प्राप्त गर्नुभएका साहित्यकार वैद्यका विभिन्न कृति प्रकाशित छन् । उनको गीति कवितासंग्रह 'समय प्रवाहमा छुटेका पलहरू' प्रकाशित छ । विसं २००३ असार २४ गते काठमाडौंको नरदेवीमा जन्मिनुभएका गायक वैद्यको श्रीमती, दुई छोरी र एक छोरा छन् ।

करिब पाँच सय नेपाली गीत तथा झन्डै एक सयभन्दा बढी नेपाल भाषाका गीतमा स्वर दिएका वैद्य पछिल्लो समय पक्षघातसम्बन्धी समस्या झेलिरहेका थिए । गायक वैद्यको केही समयअघि मिर्गौला प्रत्यारोपण गरिएकामा केही दिनदेखि रुघाखोकीबाट ग्रसित थिए । ७७ वर्षको उमेरमा सुन्धारास्थित काठमाडौं भ्याली अस्पतालमा उपचारका क्रममा उनको निधन भएको थियो । उनको 'नेपाल मेरो तिमीलाई', 'चोट दिलमै रातदिन', 'आँखैमा रात', 'यो लामो जीवनमा किन म हतासहतास छु' लगायत गीत कालजयी छन् । *रासस*

# म्युजिक भिडियोमा 'हाम्रो चुमभ्याली'

■ प्रभाव संवाददाता



**गोरखा–** उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकामा पर्ने चुम उपत्यका अनुपम प्राकृतिक सौन्दर्यता र मनोरम दृष्यले भरिपूर्ण क्षेत्र हो । साविकको छेकम्पार र चुम्चेत गाविस समेटिएको सुन्दर र शान्त हिमशृंखलाका काँखमा रहेको चुम उपत्यकाको सौन्दर्यतालाई शब्दमा बयान गर्न कठिन हुन्छ । अपार प्राकृतिक स्रोत र साधनको धनी चुम उपत्यका नेपालकै प्रचुर सम्भावना बोकेको एक प्रमुख पर्यटकीय गन्तव्य पनि हो ।

यिनै चुम उपत्यकाको प्राकृतिक सुन्दरता र सांस्कृतिक महत्वलाई श्रव्य-दृश्यमार्फत विश्वसामु पुर्‍याउने उद्देश्यले भर्खरै 'हाम्रो चुमभ्याली' चिनारी नामक म्युजिक भिडियो निर्माण भएको छ । स्थानीयवासीसमेत रहेका छाङ दोर्जे लामाको शब्द संगीतमा रहेको 'हाम्रो चुमभ्याली' मा चुम उपत्यकालाई श्रव्य र दृष्यमा समेटिएको छ ।

चुमनुब्री गाउँपालिका, नेपाल पर्यटन बोर्ड, स्थानीय युवासमेत साझेदारी र आर्थिक सहयोगमा निर्माण गरिएको म्युजिक भिडियोमा चुम क्षेत्रको हिमाली सुन्दरता, सांस्कृतिक विविधता एवं विविध पक्ष गीत तथा म्युजिक भिडियोमार्फत उजागर गरिएको गीतका सर्जक छाङ दोर्जे लामाले बताए ।

'चुम उपत्यकामा रहेका विभिन्न हिम चुचुरा, प्राकृतिक सम्पदा, यहाँका परम्परागत मौलिक वेशभूषा, पहिरन, स्थानीय जीव जनावर जैविक विविधतालाई यो गीत र म्युजिक भिडियोमार्फत उजागर गरिएको छ', उनले भने । 'यसैको माध्यमबाट चुम उपत्यकाको प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।'

पहिलो पटक नेपाली भाषामा निर्माण गरिएको चुमभ्यालीको ठाउँ विशेष चिनारी स्वरूपको गीत र म्युजिक भिडियोले समग्र चुमभ्याली क्षेत्रको कला, संस्कृतिको संरक्षण सम्वर्द्धनमा समेत भूमिका खेलेको लामाको भनाइ छ । उनले 'हाम्रो चुमभ्याली' को म्युजिक भिडियो हेरेर चुम उपत्यकाको सौन्दर्यतामा पर्यटकलाई लोभ्याउन सकिने बताए ।

'सिर्जनात्मक ढंगले चुम उपत्यका विशेषता र चिनारीलाई प्रचारप्रसार गर्ने सबैभन्दा सरल माध्यम नै श्रव्यदृश्य माध्यम भएकाले पनि हामीले गीतसंगीतको माध्यमबाट चुम उपत्यकालाई चिनाउने प्रयास गरेका छौँ', लामाले भने, 'स्थानीय कलाकारको सहभागिता र वेशभूषाले म्युजिक भिडियो हेर्ने दर्शकका लागि एक पटक आफैँ चुम भ्याली पुगेको अनुभूतिसमेत यस भिडियोबाट पाउने छन् ।'

गीतको शब्द चयन र ब्याख्याले समग्र चुम उपत्यकको सुन्दरता र प्राकृतिक मनोरमलाई छोएको छ । अहिंसात्मक क्षेत्रको रूपमा रहेको बौद्ध धर्मावलम्बीको बाक्लो बसोबास भएको चुम भ्याली यहाँको अर्को सांस्कृतिक विशेषता पनि हो । चुम उपत्यकामा कुनै पनि जनावर काटमार नगर्ने, शिकार नखेल्ने, मह नकाँढ्ने, डढेलो लगाउनसमेत पाइँदैन ।

अहिंसात्मक क्षेत्र भएकाले त्यहाँ पुग्ने पर्यटक हिम चितुवाका साथै झारल, घोरल, कस्तुरी मृग, कालिज, डाँफे तथा मुनाल र चौरी गाईसँगको सामिप्यतामा रमाउने अवसरसमेत प्राप्त गर्दछन् । त्यसैले चुम उपत्यकालाई खुला चिडियाखानाको रूपमा समेत लिइन्छ । यो दृष्य पनि म्युजिक भिडियोमा देखाइएको छ ।

चुम उपत्यकामा रहेको बौद्ध धर्मसम्बन्धी प्राचीन मानी, कानी, चैत्य, स्मारक र तिब्बती सांस्कृतिको महत्त्व अलग्गै रहेको छ । चुम उपत्यका गुम्बा, राचेन आनी गुम्बालगायत अन्य गुम्बाका साथै प्राकृतिक सौन्दर्यताले भरिएको गणेश हिमाल, बौद्ध हिमाल र शृंगी हिमालको दृष्यावलोकनका लागिसमेत उपयुक्त क्षेत्र हो ।

## रंगशाला

# क्रिकेट संघका पदाधिकारीलाई एनआरएनएको सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए) ले नेपाल क्रिकेट संघ (क्यान) का पदाधिकारीलाई सम्मान गरेको छ । गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष डा. बद्री केसी, उपाध्यक्ष रोजिना थापा राईलगायत पदाधिकारीले टी-२० विश्वकप २०२४ क्रिकेट प्रतियोगितामा छनौट भएकोमा बधाई ज्ञापन गर्दै क्यानका पदाधिकारीलाई सम्मान गरेको हो ।

क्यानका सचिव पारस खड्का, व्यवस्थापक एवं पूर्वकप्तान विनोद दास, कार्यकारी सदस्य सुदीप शर्मालगायत उपस्थित पदाधिकारीलाई एनआएरएनले सम्मान गरेको थियो । कार्यक्रममा एनआरएनए अध्यक्ष बद्री केसीले नेपाललाई चिनाउने क्यानसँग सहकार्य गर्न पाउँदा उत्साहित भएको बताए । उनले खेलकुदमा ठुलो लगानी आवश्यक रहेको बताए । नेपालमा खेलाडी बन्ने रहर भएका खेलाडी जबरजस्ती खेलाडी बनेर आफैं व्यवस्थापन गर्नुपर्ने विडम्बना रहेको जिकिर गरे । उनले ७० लाख नेपाली एकजुट हुने हो भने सस्टिनेबल पूर्वाधार बनाउन सक्ने बताए । अध्यक्ष केसीले सबै मिलेर खेल क्षेत्रको विकास र बिस्तारमा लाग्नुपर्ने बताए ।

# आरसिटीले ग्रासरुट ट्रेनिङ गर्ने

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरको सहयोगमा अन्नपूर्ण आरसिटीले ग्रासरुट फुटबल ट्रेनिङको आयोजना गर्ने भएको छ । अर्को सातादेखि सुरु हुने यस प्रशिक्षण कार्यक्रम कम्तीमा छ महिना चल्नेछ । प्रशिक्षण प्रत्येक शनिबार र बिदाका दिन सञ्चालन हुनेछ । यसमा आठ देखि १४ वर्षसम्मका बाल बालिकाले भाग लिन सक्नेछन् ।



यस प्रशिक्षकमा सय जनाको सहभागिता रहनेछ । प्रशिक्षक एनसेल फुटबल मैदान चैलचोर र बाँसबारी खेल मैदान बाँसबारी गरेर दुई स्थानमा हुनेछ । 'हाम्रो उद्देश्य फुटबल खेलाडी उत्पादन गर्नु नै हो । कुनै पनि देशमा फुटबल विकासका लागि ग्रासरुट स्तरको प्रशिक्षणको ठूलो महत्त्व हुने सबैलाई थाहा नै छ,' अन्नपूर्ण आरसिटीका अध्यक्ष सुरेशकाजी शाक्यले भने ।उनले थपे, 'नेपाली फुटबलमा काठमाडौं उपत्यकाका खेलाडी उपस्थिति कम हुन थालेकोमा यो ट्रेनिङले त्यसको पूर्तिका लागि मदत गर्ने विश्वास छ । यस प्रशिक्षणले भविष्यमा नेपाली फुटबलकै लागि अब्बल दर्जाका खेलाडी उत्पादन गर्न मदत पुग्ने पनि विश्वास गरेका छौं ।'

प्रशिक्षण कार्यक्रमको नेतृत्व वरिष्ठ प्रशिक्षक विराटकृष्ण श्रेष्ठले गर्नेछन् । यस्तै उनको प्रशिक्षण समूहमा हरिओमन श्रेष्ठ, चेतनारायण श्रेष्ठ, अर्जुन लामा, प्रकाश बैद्य, सुरेश शाही र डामोदर सिल्पकार पनि रहनेछन् । प्रशिक्षणमा सहभागी हुनेको बिमा पनि गरिने छ । घरेलु नेपाली फुटबलका सबैभन्दा सफल र लामो इतिहास भएको अन्नपूर्ण आरसिटीले औपचारिक रूपमा ग्रासरुट ट्रेनिङको आयोजना गर्न लागेको यो पहिलो पल्ट हो ।

टाइगर कप भलिबल

# टिपटप हेल्प नेपाल र एपिएफलाई उपाधि




■ प्रभाव संवाददाता

**पोखरा–** चौथो टाइगर कप भलिबलको उपाधि टिपटप हेल्प नेपाल स्पोर्टस् क्लब र सशस्त्र प्रहरी बलको एपिएफले हात पारेका छन् । शनिबार सम्पन्न खेलमा पुरुषतर्फ टिपटपले गण्डकी प्रदेशलाई पराजित गर्दै उपाधि हात पार्‍यो भने महिलातर्फ एपिएफ क्लबले चन्द्रागिरी न्यु डायमण्डलाई सोझो सेटमा हराउँदै एपिएफले लगातार उपाधि आफ्नो पक्षमा पारेको हो ।

पुरुषतर्फको फाइनलमा टिपटप हेल्पले आयोजक गण्डकी प्रदेशलाई ३-१ सेटमा हराउँदै उपाधि जितेको हो । पोखरा रंगशाला भलिबल कोर्टमा पहिलो सेट २५-१३ मा जितेको हेल्प नेपालले दोस्रो सेटमा २५-१८ मा जित निकाल्न सफल भयो ।

हेल्प नेपालले तेस्रो सेटमा भने जित निकाल्न सकेन । तेस्रो सेट गण्डकीले २६-२४ को जित निकाले पनि चौथो सेटमा हेल्प नेपालले जित निकाल्यो । हेल्प नेपालले चौथो सेटमा २५-१७ मा जित निकाल्दै उपाधि जित्न सफल भयो ।

त्यस्तै महिलातर्फ विभागीय टोली एपिएफ क्लबले टाइगर कप अन्तर्गत महिला भलिबलको उपाधि जितेको छ ।

शनिबार भएको फाइनल खेलमा चन्द्रागिरी न्यु डायमण्डलाई सोझो सेटमा हराउँदै एपिएफले लगातार उपाधि आफ्नो पक्षमा पारेको हो । एपिएफले लगातार तेस्रो पटक उपाधि जितेको हो । एपिएफले महिलातर्फ दोस्रो र तेस्रो संस्करणको उपाधि पनि जितेको थियो । पोखरा रंगशालाको भलिबल कोर्टमा पहिलो सेटमा २५-२० मा जितेको एपिएफले दोस्रो सेट २५-१८ मा जित्दा अन्तिम सेटमा २५-२१ को जित निकाल्यो ।

उपाधि हात पारेका हेल्प नेपाल र एपिएफले ५ लाख ५५ हजार ५ सय ५५ रूपैया प्राप्त गरेको छन् । दोस्रो भएको न्यु डायमण्ड र गण्डकी प्रदेशले २ लाख ५५ हजार ५ सय ५५ रूपैयाँ प्राप्त गरेको छ ।

### निरुता र फकर उत्कृष्ट

प्रतियोगितामा एपिएफकी निरुता ठगुन्ना र हेल्प नेपालका फकर उद्धिन सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् । महिलातर्फ ठगुन्ना र पुरुषतर्फ फरक उत्कृष्ट घोषित भएका हुन् । दुवै टिमले टाइगर कप जितेका छन् । फकर पाकिस्तानी खेलाडी हुन् । उनीहरूले ट्रफीसहित जनही २५ हजार ५ सय ५५ नगद पाएका छन् ।

महिलातर्फको उत्कृष्ट स्पाइकरमा एपिएफकी सरस्वती चौधरी, उत्कृष्ट सेटर एपिएफकी जस्मिता महतो, उत्कृष्ट सर्भरमा न्यु डायमन्डकी बाल्मिका आचार्य, उत्कृष्ट ब्लकरमा आर्मीकी सुनिता खड्का र उत्कृष्ट डिफेन्डरमा न्यु डायमन्डकी सलिना श्रेष्ठ घोषित भए ।

पुरुषतर्फ उत्कृष्ट स्पाइकरमा हेल्प नेपालका मजहर अली, उत्कृष्ट सटर मोहम्मद काशिफ, उत्कृष्ट सर्भर गण्डकीका हिमाल सुनारी, उत्कृष्ट ब्लकरमा गण्डकीकै रामास्वामी आंगामुथु, उत्कृष्ट डिफेन्डर गण्डकीकै दीपक थापा घोषित भए । पुरुषतर्फ टिपटप हेल्प नेपालका प्रशिक्षक उत्सव खडका र महिलातर्फ एपिएफका महेश चौधरी उत्कृष्ट प्रशिक्षक घोषित भएका छन् ।

सबैलाई जनही नगद १५ हजार बराबरको गिफ्ट ह्याम्पर प्रदान गरिएको आयोजक टाइगर क्लब पोखराले जनाएको छ ।



गर्भपतनको विरुद्ध शुक्रबार वासिङ्टनको क्यापिटल हिलमा आयोजित 'मार्च फर लाइफ' कार्यक्रममा सहभागी अभियानकर्मी ।
तस्बिरः एपी

# हाइटीमा छ भिक्षु अपहरित

**हाइटी–** हाइटीको राजधानी पोर्ट-औ-प्रिन्समा शुक्रबार छ जना भिक्षुसहित आठ जनाको अपहरण भएको छ । हाइटीको धार्मिक संगठनले एएफपीलाई उपलब्ध गराएको पत्रमा भनिएको छ, 'सेन्ट एनीका बहिनीहरूको मण्डलीका छ जना ननहरू र उनीहरू चढेको बसका अन्य सदस्यहरू अपहरणमा परेको खबरले हामीलाई दुःखी तुल्याएको छ ।'

संगठनका अधिकारीले एएफपीलाई दिएको जानकारीअनुसार स्थानीय समयअनुसार बिहान ७ बजेतिर एक सशस्त्र समूहले ती महिलाहरूलाई अपहरण गरेको थियो ।

उनले अपहरणमा परेका अन्य दुई जनाबारे भने आफूलाई जानकारी नभएको बताए । फिरौतीको मागबारे अहिलेसम्म कुनै जानकारी आएको छैन । पोर्ट-औ-प्रिन्स र केही राष्ट्रिय सडकहरूमा धेरै हप्तादेखि प्रसिद्ध र सामान्य मानिसहरूलाई लक्षित गरी अपहरणका घटनाहरू बढ्दै गएका छन् ।

गत हप्ता, एक चिकित्सक र शान्तिदूतलाई अपहरण गरिएको थियो तर फिरौती तिरेपछि उनीहरू रिहा भएका थिए । राजनीतिक, आर्थिक र सार्वजनिक स्वास्थ्य प्रणाली कमजोर अवस्थामा रहेको अमेरिकाको सबैभन्दा गरिब राज्यमा सामूहिक हिंसाकाबीच अपहरणका घटनाहरूलाई खासै महत्त्व दिएको पाइँदैन ।

गत वर्ष संयुक्त राष्ट्रसंघले पोर्ट-औ-प्रिन्सको करिब ८० प्रतिशत क्षेत्रमा गिरोहले नियन्त्रण गरेको अनुमान गरेको थियो । संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले गत अक्टोबरमा केन्याको नेतृत्वमा हाइटीमा एक बहुराष्ट्रिय मिसन पठाउन सहमत भएको थियो । *रासस/एएफपी*

# कारखानामा विष्फोट हुँदा आठ जनाको मृत्यु


**बेइजिङ–** पूर्वी चीनको जियाङसु प्रान्तस्थित कारखानामा शनिबार भएको विष्फोटमा आठ जनाको मृत्यु भएको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएको छ ।

सिन्ह्वा न्युज एजेन्सीका अनुसार सांघाईबाट १८० किलोमिटर उत्तरपश्चिममा रहेको चाङ्झाउ सहरको धातु उत्पादन कारखानाको कार्यशालामा विष्फोट भएको थियो । 'शेनरोङ मेटल टेक्नोलोजी लिमिटेडको उत्पादन कक्षमा विष्फोट भएकार उक्त घटनामा आठ जनाको मृत्यु भएको छ भने अन्य आठ जना घाइते भएका छन्,' सिन्ह्वाले सुरक्षा अधिकारीलाई उद्धृत गर्दै समाचारमा लेखेको छ । विष्फोटको कारणबारे अनुसन्धान भइरहेको बताइएको छ ।

गत वर्ष मे महिनामा चीनको पूर्वी सान्डोङ प्रान्तको सहर लियाओचेङमा हाइड्रोजन पेरोक्साइड उत्पादन गर्ने कारखानामा भएको विष्फोटमा नौ जनाको मृत्यु भएको थियो । नोभेम्बर २०२२ मा मध्य चीनको हेनान प्रान्तको एउटा कारखानामा विष्फोटका कारण २० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो । *रासस/एएफपी*

# जापानको चन्द्रयान सफलतापूर्वक चन्द्रमामा अवतरण

**टोकियो–** जापानको राष्ट्रिय अन्तरिक्ष एजेन्सी (जाक्सा)ले 'स्मल लुनार ल्यान्डिङ डेमोन्स्ट्रेटर (स्लिम)' चन्द्रमामा अवतरण भएको शनिबार पुष्टि गरेको छ ।



स्थानीय समयअनुसार शनिबार जापान एयरोस्पेस एक्सप्लोरेशन एजेन्सी (जाक्सा)ले एक अनलाइन वक्तव्यमा जापानी मानवरहित यान राति १२ बजेर २० मिनेटमा चन्द्रमामा अवतरण गरेको जनाएको छ । जाक्साले यानको अवतरणपछि सञ्चार स्थापित भएको पुष्टि गरेको छ ।

यद्यपि, अवतरणपछि चन्द्रमामा धेरै समय रहनका लागि तयार पारिएको सोलार व्याट्रीको रिचार्ज हुन नसकेपछि यानमा रहेको व्याकअपको सहयोगमा चन्द्रमाका तस्बिर, चट्टान संकलन तथा अनुसन्धानका अन्य गतिविधिहरू भइरहेका जाक्साले बताएको छ ।

'स्लिमको सोलार सेलले बिजुली उत्पादन गर्न नसक्ने भएकाले यसले ब्याकअप ब्याट्रीमा काम गरिरहेको छ जुन घण्टौंसम्म मात्र टिक्छ,' जाक्साका अधिकारीहरूले शनिबार आयोजित पत्रकार सम्मेलनमा भने । अवतरणपछि चन्द्रमाको सतहबाट तथ्यांक लिने कामजाक्साका लागि प्राथमिकतामा रहेको अधिकारीले बताएका छन् ।

स्लिमको अवतरणसँगै जापान, अमेरिका, सोभियत संघ, चीन र भारतपछि चन्द्रमामा अवतरण गर्ने पाँचौं मुलुक बनेको छ । चन्द्रमामा पहिलो मानव अवतरणको ५० वर्षभन्दा धेरै समयपछि धेरै मुलुक र निजी कम्पनीहरूले यात्रालाई नयाँ बनाउने प्रयास गरिरहेका छन् तर क्र्यास ल्यान्डिङ, सञ्चारमा समस्या र अन्य प्राविधिक समस्या व्याप्त छन् । यसै महिना अमेरिकी निजी कम्पनी एस्ट्रोबोटिकको पेरेग्रिन चन्द्र ल्यान्डरले उडान भरेपछि इन्धन चुहिएपछि उसको मिसन असफल भएको थियो । बिहीबार अन्तरिक्ष यान फिर्ता हुने क्रममा पृथ्वीको वायुमण्डलमा जल्ने सम्भावनापछि दक्षिणी प्रशान्त महासागरमा उसको सम्पर्क विच्छेद भएको थियो ।

नासाले आफ्नो आर्टेमिस कार्यक्रमअन्तर्गत चालक दल भएको चन्द्र मिसनको योजना पनि स्थगित गरेको छ । यसअघि एउटा सार्वजनिक र एउटा निजी गरी दुईटा जापानी यान चन्द्रमामा पठाउने दुईवटै प्रयास असफल भएका थिए । दुईवटा असफल चन्द्र अभियान र टेकअफपछि विष्फोटसहित हालैका रकेट असफलतापछि अन्तरिक्षमा यो सफलताले उच्च प्रविधिको जापानी प्रतिष्ठालाई पुनःस्थापित गरेको छ । *रासस/सिन्ह्वा*

# चीनको प्राकृतिक ग्यास उत्पादन ५.८ प्रतिशतले बढ्यो

**बेइजिङ–** चीनको प्राकृतिक ग्यास उत्पादनले सन् २०२३ मा स्थिर वृद्धि दर्ता गरेको राष्ट्रिय तथ्यांक विभागको तथ्यांकले देखाएको छ ।

चीनले सन् २०२३ मा २२९.७ अर्ब क्युबिक मिटर प्राकृतिक ग्यास उत्पादन गरेको थियो । यो अघिल्लो वर्षको तुलनामा ५.८ प्रतिशत बढी हो । विभागका अनुसार सन् २०२३ मा कूल ११ करोड ९९ लाख ७० हजार टन प्राकृतिक ग्यास आयात गरिएको थियो । यो अघिल्लो वर्षको तुलनामा ९.९ प्रतिशतले वृद्धि हो । डिसेम्बरमा मात्रै चीनको प्राकृतिक ग्यास आयातमा २३ प्रतिशत अर्थात् एक करोड २६ लाख ५० हजार टन प्राकृतिक ग्यास आयात गरेको छ । वृद्धिदर नोभेम्बरको तुलनामा १६.४ प्रतिशत बढी रहेको विभागले जनाएको छ । *रासस/सिन्ह्वा*


## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WATTAN INTERNATIONAL TRADING & CONTRACTING CO.
पूर्व स्वीकृति मिति २०८०/१०/०५ LT. No. 298470 चलानी नं.६०२१३३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 3 | 30 | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOURER | 5 | 0 | 1000 | ३६,४१० | | | | | | | |

कम्पनी : ARAB NATIONAL COMPANY FOR TOURISM FACILITIES MANAGEMENT
पूर्व स्वीकृति मिति २०८०/१०/०५ LT. No. 298397 चलानी नं.६०२१३३४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 0 | 100 | ४३,२२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १४ गते (28th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd. श्रम इजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com


# 'गाजामा हरेक घण्टामा दुई आमाको मृत्यु'

**संयुक्त राष्ट्रसंघ–** १दिनभन्दा बढी समयदेखि गाजामा चलेको द्वन्द्वमा हरेक घन्टामा दुई आमाहरूको मृत्यु हुने गरेको संयुक्त राष्ट्र संघीय निकायले शुक्रबार जनाएको छ ।



लैंगिक समानता र महिला सशक्तीकरणका लागि काम गरिरहेको संयुक्त राष्ट्रसंघीय निकाय युएन वुमनको प्रतिवेदनमा गाजामा युद्ध सुरू भएको दिनदेखि १०० दिनसम्मको महिलाहरूको औसत मृत्युदरलाई मूल्यांकन गरी उक्त तथ्य सार्वजनिक गरेको हो ।

गाजा संकटले महिला तथा बालबालिकाको जीवनस्तरमा जीवन र मानवीय आवश्यकताको विनासकारी असर गरिरहेको गाजा युद्धको लैंगिक प्रभाव नामक प्रतिवेदनमा उल्लेख छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा कम्तीमा २४ हजार ६२० प्यालेस्टिनी मारिएका छन् । गाजामा मृत्यु भएकामध्ये करिब ७० प्रतिशत महिला र बालबालिका रहेको अनुमान गरिएको छ । तथ्यांकअनुसार महिला मृत्युमध्ये संकट सुरु भएदेखि अहिलेसम्मको औसत अनुपातमा प्रतिघन्टा दुई आमाहरूको मृत्यु हुने गरेको छ ।

गाजामा १९ लाखभन्दा बढी व्यक्ति तथा गाजाको कूल जनसंख्याको ८५ प्रतिशत, जनसंख्या विस्थापित भएको विश्वास गरिन्छ । जसमा संयुक्त राष्ट्रसंघीय निकाय (युएन वुमन) ले एक लाख महिला तथा बालबालिका रहेको अनुमान गरेको छ । गाजाको सम्पूर्ण जनसंख्यामध्ये लगभग २२ लाख व्यक्ति संकटमा वा तीव्र खाद्य असुरक्षाको मारमा रहेको अनुमान गरिएको छ ।

युएन वुमनको अनुमानमा द्वन्द्वमा कम्तीमा तीन हजार महिला विधवा वा घरपरिवारविहीन भएका अनुमान गरिएको छ । यसैगरी कम्तीमा १० हजार बच्चाले आफ्नो पिता गुमाएका हुनसक्ने विवरणमा बताइएको छ । महिला र बालबालिका द्वन्द्वको पहिलो सिकार हुने तथा उनीहरूलाई लक्षित गरी शान्ति खोज्नु आफ्नो कर्तव्य भएको फेरि एकपटक प्रमाणित गरेको संयुक्त राष्ट्रसंघीय महिला कार्यक्रमकी कार्यकारी निर्देशक सिमा बाहुसले बताइन् ।

उनले भनिन्, 'विगत १५ वर्षमा प्यालेस्टिनी राष्ट्रिय प्राधिकरण क्षेत्रमा मारिएका सबै नागरिकमध्ये दुईतिहाइ पुरुष रहेका छन् । यसैगरी १४ प्रतिशतभन्दा कम महिला तथा बालिकाहरू रहेका छन् । तर पछिल्लो १०० दिनमा समयमा मृत्यु हुनेमध्ये ७० प्रतिशत महिला र बालबालिका रहेका छन् । प्यालेस्टिनी जनतालाई परेको आघातले हामी सबैलाई आउँदो पुस्तासम्म सताउने छ ।'

### युद्ध अन्त्य गर्न आग्रह

गाजाका महिला र केटीहरूको अवस्थाप्रति शोक व्यक्त गर्दै सबै महिला तथा बालबालिकाहरूलाई महत्त्वपूर्ण सहायता र सेवाहरूको प्रावधानसहित गाजामा रहेका सबैका लागि तत्काल मानवीय युद्धविराम र निर्बाध मानवीय पहुँचका लागि बाहुसले आग्रह गरिन् । यो शान्तिको समय भएको बताउँदै सबै इजरायली र प्यालेस्टिनी महिला र बालबालिकाप्रति आफू ऋणी रहेको बताएकी छन् । उनले उनीहरूले अबका दिनमा यसको मूल्य चुकाउनु नपर्ने बताएकी छन् ।

प्रतिवेदनअनुसार बढ्दो वैमनस्यता हुँदाहुँदै पनि महिला नेतृत्व र महिला अधिकार संगठनहरूले काम जारी राखेका छन् । गाजा पट्टीमा सर्वेक्षण गरिएका करिब ८३ प्रतिशत महिला संगठनहरू कम्तीमा आंशिक रूपमा सञ्चालनमा छन् । उनीहरू मुख्यतया आपत्कालीन प्रतिक्रियामा केन्द्रित रहेका छन् । यद्यपि, सन् २०२३ को फ्ल्यास अपिलमा कोषको संयुक्त राष्ट्र महिला विश्लेषणअनुसार कोषको ०.०९ प्रतिशतमात्र राष्ट्रिय वा स्थानीय महिला अधिकार संगठनहरूमा आबद्ध भएका छन् ।

पछिल्लो छ महिनाको प्रतिक्रिया योजनाको माध्यमबाट, प्यालेस्टाइनमा संयुक्त राष्ट्रसंघका महिलाहरूले १४ हजारभन्दा बढी महिला-नेतृत्व गर्ने परिवारलाई, गाजाका सबै महिला-नेतृत्व गर्ने परिवारको एक तिहाइलाई जीवन-रक्षक सहायता प्रदान गर्दै आएका छन् । उनीहरू कपडा, सेनेटरी उत्पादनहरू, र बालबालिकाका लागि आवश्यक पर्ने समानको वितरणलाई सहयोग गर्दै आएका छन् ।

प्रतिवेदनअनुसार लैंगिक हिंसाका लागि लैंगिक-उत्तरदायी सेवाहरू प्रदान गर्न महिला नेतृत्वको संस्थाहरूसँग पनि युएन वुमनले साझेदारी गरिरहेको छ । यस कार्यक्रमअन्तर्गत विस्थापित महिलाहरूका लागि आश्रयस्थलहरूमा महिला नेतृत्वको सुरक्षा र प्रतिक्रिया समितिहरू स्थापना गर्ने र प्यालेस्टाइनमा महिला संस्थाहरूसँग नियमित परामर्श गर्ने गरिरहेको छ । *रासस/सिन्ह्वा*


## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

कम्पनी : SUNNINGDALE TECH PENANG SDN BHD
Pre Approval Date : 2024-01-19 पूर्व स्वीकृति मिति : २०८०/१०/०६ LT. No. 294357 एल टि न. २९४३५७ Invoice No. 60213339 चलानी नं. ६०२१३३३९

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1 | फ्याक्ट्री वर्कर (मेनुफेक्चरीङ एईसी) Factory Worker (Manufacturing Sec.) | २५ 25 | 0 0 | आधारभूत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,१८१ 42,181 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्योहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रु.१५०० ।- रोजगारदाताले ब्यहोर्ने Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it रोजगारदाताले ब्यहोर्ने By the Employer

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १४, १५, १६, र १७ गते (28, 29, 30, 31th Jan. 2024) मा हुनेछ ।
अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
श्रम इजाजत नं. ८८३/०६७/०६८
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Dharan 2, Shanti path, Nepal, Tel: 025-572026, 9842170962, 9815390822



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८००० | प्रति तोला – ११७४५० | प्रति तोला – १३९५ |



**हल्दिबारी कि तोरीबारी** | तोरीमा औषधि छिट्दै हल्दिबारी–२ झापाका कृषक खगेन्द्र घिमिरे । हल्दिबारी गाउँपालिकामा यो वर्ष दुई हजार ५०० बिघामा तोरी खेती गरिएको छ । *तस्बिरः सन्तोष शर्मा/रासस*

# तीन अर्ब १५ करोड उठ्यो विद्युत् रोयल्टी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले विभिन्न जलविद्युत् आयोजनाबाट रु तीन अर्ब १५ करोड ५१ लाख ८८ हजार बराबरको रोयल्टी संकलन गरेको छ।

सरकारले निर्माण सम्पन्न भई सञ्चालनमा रहेका आयोजनाबाट निश्चित रकम रोयल्टीबापत संकलन गर्ने गर्छ । विगतमा आयोजनाका प्रवर्द्धकले आफ्नो अनुकूलतामा रोयल्टी बुझाउने गरेका थिए । पछिल्ला केही वर्षदेखि भने नेपाल विद्युत् प्राधिकरणले बिल भुक्तानी गर्ने समयमा नै रोयल्टी कटाएर राख्ने गरेको छ। सोही कारण नियमितरूपमा रोयल्टी संकलन हुने गरेको छ।

विद्युत् विकास विभागले नियमितरूपमा रोयल्टी उपलब्ध गराउन आयोजनाका प्रवर्द्धकलाई आग्रह गर्दै आएको छ। विद्युत् ऐन, २०४९ तथा विद्युत् नियमावली, २०५० बमोजिम विद्युत् उत्पादनको अनमुतिपत्र प्राप्त संस्थाले बुझाउनुपर्ने आर्थिक वर्ष २०७९/८० सम्मको विद्युत् रोयल्टी जम्मा गर्नुपर्ने व्यवस्था छ।




विभागले केही आयोजनाले रोयल्टी फरफारक नगरेको पाइएपछि पुनः जम्मा गर्न भनेको छ। विभागले रोयल्टी व्यवस्थापनसम्बन्धी आवश्यक विवरणअनुसार आफ्नो आयोजनाको रोयल्टी विवरण रुजु गराउन सूचनामार्फत सूचीसमेत गरेको महानिर्देशक चिरञ्जीवी चटौतले जानकारी दिए । रोयल्टी फरफारक नगर्ने आयोजनालाई भने प्राधिकरणमा पत्राचार गरेर असुलउपर गरिने स्पष्ट पारेको छ। संकलन भएको रोयल्टी स्थानीय आयोजना प्रभावित क्षेत्रमा उपलब्ध गराउने व्यवस्था छ । विभागले अनुमतिपत्र दस्तुरबाट रु एक अर्ब १५ करोड पाँच लाख ५६ हजारबराबर संकलन गरेको छ। यस्तै दण्ड जरिवाना, जफतबाट रु ८७ लाख, बेरुजुबाट रु ४२ लाख बराबर संकलन गरेको छ। विभागले सो आवमा रु चार अर्ब ३१ करोड ८६ लाख ५० हजारबराबर कुल राजस्व संकलन गरेको छ।

यस्तै चालु आवको पुस १६ गतेसम्म रोयल्टीबापत रु ५९ करोड ५५ लाख ५८ हजारबराबर रोयल्टी संकलन गरेको छ। अनुमति दस्तुरबाट रु १६ करोड २४ लाख ८० हजार संकलन गरेको विभागले दण्ड जरिवानालगायतबाट रु ४५ लाखबराबर संकलन गरेको छ। विभागले हालसम्म कुल ४१ वटा जलविद्युत् आयोजना र दुईवटा सौर्य परियोजना गरी कुल ४३ वटा आयोजनाको सर्वेक्षणका लागि दरखास्त परेको छ। ती आयोजनाको कुल क्षमता तीन हजार १६ मेगावाट बराबर छ। त्यस्तै सर्वेक्षण जारी भएका आयोजनाको संख्या एक सय ४३ छ। विभागका अनुसार ९३ वटा जलविद्युत् आयोजना र ४२ वटा सौर्य परियोजना छन्। ती आयोजनाको कुल क्षमता नौ हजार छ सय ५५ मेगावाट बराबर छ।

विभागका अनुसार उत्पादन अनुमतिपत्र दरखास्त दिने आयोजनाको संख्या एक सय पाँच छ । ती आयोजनाको क्षमता ११ हजार पाँच सय ८३ मेगावाट छ । त्यस्तै विद्युत् उतपादन अनुमतिपत्र लिएका आयोजनाको संख्या एक सय ५४ वटा छन्। ती आयोजनाको कुल क्षमता नौ हजार दुई सय २१ छ।

विभागले एक हजार सात सय ६५ सर्किट किलोमिटर बराबर प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन परेको छ। त्यस्तै विभागले चार हजार आठ सय ९५ सर्किट किलोमिटर बराबरको प्रसारण लाइन निर्माणका लागि अनुमति प्रदान गरेको छ। त्यसमा चार सय केभी क्षमताका सातवटा आयोजनालाई अनुमति दिइएको छ। त्यस्तै दुई सय २० केभी क्षमताका २५, एक सय ३२ केभी क्षमताका एक सय एक, ६६ केभी क्षमताका पाँच, ३३ केभी क्षमताका ८४ र ११ केभी क्षमताका एक प्रसारण लाइन निर्माणका लागि अनुमति दिइएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले विभागको काम–कारबाहीलाई थप व्यवस्थित बनाउन निर्देशनसमेत दिएका छन्। सर्वेक्षण अनुमतिपत्र लिएका आयोजनालाई समयमै काम पूरा गर्ने वातावरण बनाउन निर्देशन दिँदै उनले लामो समयसम्म आयोजना होल्ड गर्ने प्रवृत्तिको अन्त्यका लागि प्रभावकारी कदम चाल्नुपर्ने बताए । यस्तै उत्पादन अनुमतिपत्र लिएका आयोजनाको हकमा पनि मन्त्री बस्नेतले स्पष्ट निर्देशन दिएका छन् । लामो समयसम्म अनुमतिपत्र मात्रै लिने र काम नगर्ने आयोजनालाई लामो समय दिन नसकिने स्पष्ट पार्दै मन्त्री बस्नेतले नियमानुसार काम गराउन विभागका महानिर्देशक चटौतलाई निर्देशन दिएका छ।

# लगानीमा विविधीकरण खोज्न अर्थमन्त्री महतको सुझाव

■ प्रभाव संवाददाता

**नुवाकोट–** अर्थमन्त्री डा प्रकाशशरण महतले लगानीकर्तालेे विविध क्षेत्रमा लगानी गर्नुपर्ने सुझाव दिएका छन् ।

सम्पादक समाज नेपालद्वारा आयोजित गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कार सम्मान समारोहमा उनले सम्भावना बोकेका नयाँ क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिएका हुन् । अर्थतन्त्रमा देखिएको अन्यौल समाप्त हुँदै गएको बताउँदै मन्त्री महतले लगानीका लागि विश्वासको वातावरण बनेको बताए ।

'आगामी दिनमा अर्थतन्त्रमा सुधार हुँदैछ । आर्थिक गतिविधि पहिलेको तुलनामा बढ्छ, लगानीकर्ताले पनि निर्धक्क लगानी गर्दा हुन्छ, ब्याजदर पनि घटेको छ', अर्थ मन्त्री महतले भने, 'तर सुझबुझ ढंगबाट लगानी गर्नुपर्यो । कुन क्षेत्रमा लगानी गर्दा प्रतिफल आउने सम्भावना हुन्छ त्यसमा ध्यान दिनुपर्छ ।

एउटाले राम्रो गरे सबैले त्यही गर्ने हुँदा मागभन्दा पूर्ति धेरै भई सबै अप्ठ्यारोमा पर्न थाल्छ । त्यसकारण नयाँ क्षेत्र खोज्नुहोस ।' उनले आगामी वर्षको वैशाखमा आयोजना हुने लगानी सम्मेलनमा विदेशीको चासो व्यक्त भएको बताए । यस्तै असारमा विश्व बैंकको सम्मेलन आयोजना गर्ने तयारी भएको पनि अर्थमन्त्री महतले जानकारी दिए ।

सम्मान समारोहमा पुरस्कृत हुने पत्रकारलाई शुभकामना दिँदै मन्त्री महतले पत्रकारिता क्षेत्रको समस्याप्रति आफ्नो ध्यानाकर्षण भएको बताए । उनले भने, 'पत्रकारिता क्षेत्र समस्यामा छ । तर यसको कारण देशको आर्थिक स्थिति मात्र होइन । मुख्य कारण सामाजिक सञ्जाल हो । मूलधारका आमसञ्चार माध्यम जोखिममा पर्दै गएका छन् । त्यसमा पनि सामाजिक सञ्जालमा आउने मिथ्यापूर्ण सूचनाले झुठोलाई सत्य जस्तो स्थापित हुने र सत्य गुम्राहमा पर्ने खतरा बढेको छ । मानिस गम्भीर विषयको गहिराईमा जान छाडे, यो अत्यन्त खतरनाक प्रवृत्ति हो ।'

पत्रकारिता क्षेत्रको सबै प्रकारका समस्या समाधानका लागि सहयोग गर्ने प्रतिबद्धता समेत मन्त्री महतले व्यक्त गरे ।

## पुँजीगत खर्च बढाउन सरकार लागेको छ : मुख्यमन्त्री पाण्डे

**त्रिवेणी (प्रस)–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पुँजीगत खर्च बढाउन सरकार लागेको बताएका छन् । नेपाल प्रेस युनियन नवलपुर शाखाले शनिबार आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै मुख्यमन्त्री पाण्डेले पुँजीगत खर्च गत वर्षको भन्दा बढाउन प्रदेश सरकार लागिपरेको बताएका हुन् ।

सुरुका पाँच-छ महिना प्रक्रियामै जाने गरेकामा यसलाई थप व्यवस्थापन गर्दै खर्च बढाउन गण्डकी प्रदेश सरकार लागेको उनले बताए । 'विगतमा पनि सुरुका पाँच-छ महिनाको खर्चको अवस्था कम नै हुँदोरहेछ तर पहिले जस्तै हुनुपर्छ भन्ने छैन,' मुख्यमन्त्री पाण्डेले भने, 'हामी पुँजीगत खर्च बढाउन लागेका छौँ, यस वर्ष खर्च केही बढाउँछौँ ।' बहुवर्षीय बाहेकका ठेक्का अहिले बल्ल लाग्न थालेकाले अब खर्च क्रमशः बढ्दै जाने उनले बताए । 'हेर्दा असारे विकास भन्नेजस्तो देखिए पनि अहिले ठेक्का लागेका योजनाको प्रायःजसो भुक्तानी वैशाखपछि हुँदोरहेछ, त्यतिबेला खर्च बढ्छ,' मुख्यमन्त्री पाण्डेले भने, 'तर वैशाखपछि विपद्बाहेक कुनै पनि नयाँ योजनामा हामी पैसा विनियोजन गर्दैनौँ भनेका छौँ ।' पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मुख्यमन्त्री पाण्डेले आफ्नै प्रदेशमा अन्य प्रदेश हुँदै जानुपर्ने बाध्यता हटाउने विषयमा गण्डकी प्रदेश सरकार लागेको बताए । गण्डकी प्रदेशको भारतीय सीमासँग जोडिएको त्रिवेणी नाका पुग्न लुम्बिनी प्रदेश हुँदै जानुपर्ने अवस्था रहेकामा दुम्किबास-त्रिवेणी सडक खण्डको निर्माणका लागि आफूले सक्दो प्रयास गरिरहेको उनले बताए ।

# रोशी भिमखोरीमा राष्ट्रिय प्रसारण लाइन

**धुलिखेल–** काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-११ भिमखोरीको तीन सय ६९ घरधुरीमा राष्ट्रिय प्रसारण लाइन जडान भएको छ । प्रसारण लाइन जडान कार्य सम्पन्न भएपछि शुक्रबार रोशी गाउँपालिका अध्यक्ष दिनेश लामाले विद्युतीकरणको शुभारम्भ गरेका हुन् ।

प्रसारण लाइनको शुभारम्भ गरेसँगै वडा नं ११ का छहरे, भैँसे, पौवा, भदौरे, मानेगाउँ र अमलबासका गरी तीन सय ६९ घरधुरीमा राष्ट्रिय प्रसारण लाइनको बिजुली बलेको छ । विद्युतीकरणको सुविधा पाएपछि यहाँका नागरिकको जीनस्तरमा थप सुधार हुने अपेक्षा गरिएको अध्यक्ष लामाले बताए । पालिकाका नागरिकलाई आवश्यक सेवासुविधा प्रदान गर्नका लागि स्थानीय सरकारले प्रयत्न गरेको बताउँदै उनले स्थानीय तहबाट गर्नुपर्ने काममा आवश्यक सुझाव दिन आग्रह गरे ।

राष्ट्रिय प्रसारण लाइनको सेवा विस्तार नहुँदा यसअघि वडा कार्यालयमा सौर्य बत्तीमार्फत नागरिकलाई सेवा प्रवाह गर्दै आइएको वडाध्यक्ष लालकुमार पाखिनले बताए । विद्युत् सेवा जडान भएसँगै यहाँका स्थानीयको दैनिकी सहज हुँदै जाने उनको भनाइ थियो । 'आज हामी धेरै खुसी छौँ । अब वडाबाट नागरिकको काम सहजरूपमा गर्नसक्ने भएका छौँ', उनले भने, 'यसअघि आकाशमा बादल छायो कि सोलार चार्ज सकेर सेवा प्रवाह रोकिन्छ कि भन्ने डर हुन्थ्यो ।'



यसअघि साउनमा सो वडाका तल्लो भेग कालढुंगाका एक सय ३५ घरधुरीमा प्रसारण लाइन जोडिएको थियो । करिब एक हजार घरधुरी रहेको वडामा बाँकी रहेका घरमा छिट्टै लाइन जडान गरिने गाउँपालिका अध्यक्ष लामाले बताए । अन्य घरधुरीमा सामुदायिक विद्युतीकरणमार्फत विद्युत् जडान गरिएको उहाँले जानकारी दिए । उनका अनुसार विभिन्न चरणमा गरेर हालसम्म यहाँका छ सय १२ घरधुरीका नागरिकले सुविधा पाएका छन् ।

वडाका स्थानीयलाई रोशी गाउँपालिकाले निःशुल्करूपमा विद्युत् मिटर बक्स वितरण गरेको छ । त्यसका लागि गाउँपालिकाले रू छ लाख खर्च गरेको वडाध्यक्ष पाखिनले जानकारी दिए ।

राष्ट्रिय प्रसारण शाखा लाइन विस्तारका लागि रू तीन करोडमा ठेक्का सम्झौता भएर काम सम्पन्न भएपछि यहाँका नागरिकले विद्युत् उपभोग गर्न पाएका हुन् । ३० किलोमिटर एबिसी केबुल, सात सय ४० वटा आठ मिटरको स्टिल खम्बा, चार वटा ट्रान्सफर र प्रोजेक्टबाट अन्य थप गरी शाखा लाइन विस्तार गरिएको नेपाल विद्युत् प्राधिकरण बनेपा शाखाका प्रमुख अमृत अधिकारीले जानकारी दिए । *रासस*

# लक्ष्यको ६७ प्रतिशत राजस्व संकलन

■ प्रभाव संवाददाता

**चितवन–** आन्तरिक राजस्व कार्यालय भरतपुरले चालु आर्थिक वर्षमा लक्ष्यको ६७ दशमलव दुई प्रतिशत राजस्व संकलन गरेको छ । राजस्व विभागले छ महिनाका लागि रू १३ अर्ब छ करोड १४ लाख ६० हजार लक्ष्य तोकेकामा पुस मसान्तसम्म रू आठ अर्ब ७८ करोड ९३ लाख ७६ हजार संकलन भएको जनाएको छ ।

गत आवको यही अवधिमा रू आठ अर्ब ७८ करोड ५१ लाख ९३ हजारअर्थात् लक्ष्यको ७५ प्रतिशत राजस्व संकलन भएको थियो । सो वर्ष छ महिनाका लागि रू ११ अर्ब ६५ करोड ८० लाख ९८ हजार लक्ष्य विभागले तोकेको थियो । कार्यालयका प्रमुख निरन भट्टराईका अनुसार छ महिनामा आयकरतर्फ रू एक अर्ब २० करोड ९२ लाख एक हजार, अन्तःशुल्कतर्फ रू छ अर्ब ६५ करोड २६ लाख ५४ हजार राजस्व संकलन भएको छ ।

मूल्य अभिवृद्धि करतर्फ रू ८४ करोड सात लाख नौ हजार, ब्याज कर रू पाँच करोड ७८ लाख ९९ हजार, घरबाहल कर रू एक करोड ९५ लाख ८८ हजार र स्वास्थ्य सेवा कर रू ९३ लाख २५ हजार संकलन भएको भट्टराईले जानकारी दिए । उनका अनुसार अन्तःशुल्क संकलनमा अपेक्षाअनुसार हुन नसक्दा लक्ष्यअनुसारको राजस्व संकलन हुन नसकेको हो । अन्तःशुल्क राजस्व संकलनमा उत्पादन र निकासी कम हुँदा समस्या आएको उनको भनाइ छ ।

आर्थिकमन्दीका कारण क्रयशक्ति कम हुँदा समग्र राजस्व संकलनमा कमी देखिएको हो । भट्टराईले भने, 'अनुत्पादक क्षेत्रमा लगानी बढी हुँदा राजस्व संकलनमा कमी आएको अनुमान गरिएको छ ।' युवा जनशक्ति रोजगारीको सिलसिलामा विदेश पलायन हुनुले समेत राजस्व संकलनमा कमी भएको उनले बताए । कार्यालयमा ६३ हजारभन्दा बढी करदाता रहेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ